# हाम्रो हल्दिबारी

(स्थानीय पाठ्यक्रम : कक्षा १ देखि ८ सम्म)



**हल्दिबारी गाउँपालिका**

२०७९

# हाम्रो हल्दिबारी

हल्दीबारी गाउँपालिकाको आधारभूत तह (कक्षा १-८) को
स्थानीय पाठ्यक्रम-२०७९




## हल्दिबारी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### शिक्षा युवा तथा खेलकुद शाखा

झापा, १ नं. प्रदेश, नेपाल

# हाम्रो हल्दिबारी

**हल्दीबारी गाउँपालिकाको आधारभूत तह (कक्षा १-८) को**
**स्थानीय पाठ्यक्रम-२०७९**

| | | |
|---|---|---|
| प्रकाशक | : | **हल्दिबारी गाउँपालिका, झापा जिल्ला १ नं. प्रदेश, नेपाल** |
| सर्वाधिकार | : | हल्दिबारी गाउँपालिका |
| स्वीकृति मिति | : | २०७९ असोज ७ (गाउँकार्यपालिकाको बैठकबाट) |
| प्रथम पटक प्रकाशन | : | २०७९ |
| मुद्रण प्रति | : | २५० |
| मुद्रक | : | युनिक अफसेट प्रेस, बिर्तामोड |

---

*हल्दिबारी गाउँपालिकाको लिखित स्वीकृति बिना व्यापारिक प्रयोजनका लागि यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न कुनै विद्युतीय साधन वा अन्य तरिकाले रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।*

---

प्रमुख संरक्षक

**श्री रविन्द्र प्रसाद लिङ्देन**
गाउँपालिका अध्यक्ष

संरक्षक

**श्री लक्ष्मी देवी मैनाली**
गाउँपालिका उपाध्यक्ष

सल्लाहकार

**श्री सुवास श्रेष्ठ**
प्रमुख प्रशासकीय अधिकृत

प्राविधिक सहयोग

**श्री प्रेम प्रसाद भट्टाराई**

स्थानीय पाठ्यक्रम निर्माण मूल समिति

संयोजक : **श्री जनक कुमारी राई** (शिक्षा अधिकृत)
सदस्य : **श्री दिपक भट्टराई** (लेखा अधिकृत)
सदस्य : **श्री राम बहादुर दाहाल**

मस्यौदा लेखन उपसमिति

संयोजक : **श्री तुलसी प्रसाद कोइराला,**
सदस्य : **श्री उमानाथ भण्डारी**
सदस्य : **श्री मित्र बहादुर बस्नेत**
सदस्य : **श्री झमक तिम्सिना**
सदस्य : **श्री सर्मिष्टा नेपाल**
सदस्य : **श्री वडाराम हेमरम**
सदस्य : **श्री विष्णु राजवंशी**
सदस्य : **श्री शान्ता गौतम**
सदस्य : **श्री सोममाया तामाङ**
सदस्य : **श्री दिल कुमारी मेचे**

विशेष सहयोगी

**श्री सुमन चौधरी**
**श्री विनोद बहादुर भण्डारी**

# गाउँपालिका अध्यक्षको भनाइ

हल्दिबारी गाउँपालिकाले कृषि र पर्यटनको विकास गरी जनताको जीवनस्तरमा सुधार गर्ने र समृद्धि हासिल गर्ने लक्ष्य लिएको छ । कृषि विकासका लागि प्राविधिक सेवा, मल र बीउविजनको व्यवस्था, चिया, धान तथा गहुँ उत्पादन प्रवर्धन, कृषिको यान्त्रिकीकरण, कृषि उद्यमशीलता प्रवर्धन विकासलगायतका कार्यक्रमहरू सञ्चालन गर्ने नीति लिइएको छ । पशुपन्छी पालनका लागि परजीवी नियन्त्रण, पशु आहारको व्यवस्था, पशु विमा, पशु नश्ल सुधार, बाख्रा र बङ्गुरको खोर सुधार, माछापालनमा जोड दिइएको छ । गाउँपालिकाभित्रका पर्यटकीय सम्भावनाका क्षेत्रको विकास गर्ने, पार्कहरूको निर्माण गर्ने, सहकारी/कृषि सहकारीमार्फत युवाका लागि सहुलियत ऋण उपलब्ध गराई लघु उद्यमशीलताको विकास गर्ने, रोजगारमूलक तालिम दिने जस्ता कार्यक्रम सञ्चालन गरिएका छन् । सामाजिक विकासको क्षेत्रमा स्वच्छ खानेपानी र सरसफाइ, आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँचको सुनिश्चितता, मातृशिशु स्वास्थ्य प्रवर्धन, विभिन्न सङ्क्रामक रोगबाट बचावट र रोगको नियन्त्रण र यसका लागि स्वस्थ्य चौकी र ल्यावहरूको निर्माण र स्तरोन्नति गर्ने कायक्रम रहेका छन् । वन तथा वातावरणको संरक्षण र विकासका लागि यस गाउँपालिकाले घाँस, फलफूल र अन्य वृक्षरोपण, वन समिति तथा उपभोक्ता समूहको व्यवस्थापनलगायतका कार्यक्रम सञ्चालन गर्ने योजना गरिएको छ ।

गाउँपालिकाको समग्र क्षेत्रको विकासका लागि शिक्षाको महत्त्वपूर्ण भूमिका रहने यथार्थलाई आत्मसात गर्दै शिक्षाको विकासका लागि विभिन्न नीति निर्माण गरी सोअनुसारका विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन गरिएका छन् । यस गाउँपालिकाबाट घोषणा गरिएको सबैका लागि निःशुल्क शिक्षा, घुम्ती कम्प्युटर शिक्षक र खेलकुद तथा योग प्रशिक्षकको व्यवस्था, उत्कृष्ट कार्य गर्ने विद्यालय, शिक्षक, बालशिक्षक र विद्यालय कर्मचारीलाई सम्मान गर्ने, विद्यालयमा अभिभावकको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने कार्यक्रम र कोभिड-१९ को महामारीको समयमा सामुदायिक विद्यालयमार्फत वैकल्पिक विधिबाट सञ्चालन गरिएको पठनपाठनको सबैतिरबाट प्रशंसा भएको छ ।

यसै सन्दर्भमा यस गाउँपालिकाले विद्यालय तहको पाठ्यक्रमको संरचनामा भएको व्यवस्थाअनुसार आधारभूत तहको कक्षा १-८ का विद्यार्थीका लागि स्थानीय पाठ्यक्रमको विकास गरी कार्यान्वयनमा ल्याएको छ । यस पाठ्यक्रमको कार्यान्वयनबाट बालबालिकाहरूले आफ्नो समाज र समुदायमा रहेका कला, संस्कृति, परम्परा, भाषा, भेषभूषा, चाडपर्व, रहनसहन र सांस्कृतिक स्थानहरूका बारेमा जानकारी प्राप्त गर्नुका साथै तिनको संरक्षण र सम्बर्द्धनमा योगदान गर्ने सक्षमताको विकास गर्ने छन् भन्ने अपेक्षा गरिएको छ । यसबाट उनीहरूमा समुदायमा घुलमिल हुने, आफू जन्मे हुर्केको ठाउँको उन्नतिमा योगदान गर्ने, जीविकोपार्जनका सम्भावनाको पहिचान गर्ने र भविष्यमा सचेत, सक्रिय, उद्यमशील र उत्पादनशील नागरिकको भूमिका खेल्न सक्नेछन् भन्ने अपेक्षा गरिएको छ ।

यस गाउँपालिकाभित्रका शिक्षक, प्रधानाध्यापक, अभिभावकलगायत सम्बन्धित सबैको प्रतिबद्धता, सक्रियता र सहयोगबाट यस पाठ्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयन हुने छ भन्ने विश्वास लिएका छौं । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सिकाइ सहजीकरण गर्न आवश्यक पर्ने स्रोत साधन उपलब्ध गराउन गाउँपालिका सधैँ तत्पर रहने समेत विश्वास दिलाउँछौं । अन्त्यमा, यस पाठ्यक्रमको विकास कार्यमा संलग्न रही योगदान गर्नुहुने विज्ञ, विशेषज्ञ, विषय शिक्षक, प्रधानाध्यापक, अभिभावक तथा स्थानीय पाठ्यकम निर्माण समिति, पाठ्यकम निर्माण कार्यदल, शिक्षा शाखाका कर्मचारी तथा सम्पूर्ण सम्बन्धित सरोकारवालाप्रति हल्दिबारी गाउँपालिका हार्दिक कृतज्ञता व्यक्त गर्छ ।

वि.सं. २०७९

**– रविन्द्र प्रसाद लिङ्देन**

अध्यक्ष

# शुभकामना

नेपालको संविधान, २०७२ ले स्थानीय तहलाई सरकारको रुपमा स्थापित गरे सँगै संविधानको अनुसूची ८ मा आधारभूत र माध्यमिक शिक्षा स्थानीय सरकारको एकल अधिकारको रुपमा रहेको छ । सोही अधिकारको परिधि भित्र रही संघीय सरकार र प्रदेश सरकारले निर्माण गरेका शिक्षा सम्बन्धी ऐन कानुन सँग नबाझिने गरी स्थानीय शिक्षा ऐन र नियमावली समेत तर्जुमा गरी कार्यान्वयन भईरहेका छन ।

यस गाउँपालिकाले उल्लेखित कानुनहरुको परिधिभित्र रही कक्षा १-८ आधारभूत तहको स्थानीय पाठ्यक्रम तयार गरी कार्यान्वयनमा ल्याउने जमर्को गरेको छ । यस पाठ्यक्रम कार्यान्वयन सँगै यस क्षेत्रका वालवालिकाहरुले आफ्नो गाउँपालिका भित्रको समाज र समुदायको बनौट, स्थानीय भूगोल, यस क्षेत्रका भाषा, भेषभूषा, कला, संस्कृति, रीतिरीवाज, चालचलन लगायत स्थानीय सम्पदा, स्थानीय पहिचानका विषयहरु अध्ययन गर्ने अवसर पाउने छन् । जसले गर्दा आफ्नो मातृ स्थान प्रतिको हरेक विषयमा जानकारी राख्ने, आफ्नो क्षेत्रप्रति अपनत्व ग्रहण गर्न मद्दत पुग्ने र भविष्यमा उच्च शिक्षा हासिल पश्चात आफ्नो क्षेत्रका सम्भावनाहरुलाई राष्ट्रिय एवंम् अन्तर्राष्ट्रियकरण गरी स्थानीय विकासमा टेवा पुर्याउन मद्दत मिल्ने अवसर प्राप्त हुनजाने छ। अतः स्थानीय पाठ्यक्रमको कार्यान्वयन पक्षमा सबैले आ-आफ्नो क्षेत्रबाट हातेमालो गरी स्थानीय पाठ्यक्रमको दिगोपनामा सबै पक्षको सकारात्मक सहयोगको आवश्यकता छ ।

अन्त्यमा, यस पाठ्यक्रम तयार गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने शिक्षा समिति, शिक्षा शाखा, विद्यालय प्रशासन, अभिभावक सबैप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

**– सुवास श्रेष्ठ**
प्रमुख प्रशासकीय अधिकृत

# प्राक्कथन

नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच र आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने मौलिक हकको सुनिश्चितता गरेको छ । संविधानको अनुसूची-८ मा आधारभूत र माध्यमिक शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र राखिएअनुरूप स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी स्थानीय तहको काम कर्तव्य र अधिकारलाई २३ ओटा बुँदामा उल्लेख गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा आधारभूत तहको कक्षा १ देखि ८ का लागि स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरी स्थानीय आवश्यकताअनुसार मातृभाषा तथा स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित विषयवस्तु समावेश गरी स्थानीय पाठ्यक्रम निर्माण गर्ने र सोका आधारमा स्थानीय विषय अध्यापन गराउन सकिने प्रावधान रहेको छ । उक्त दस्तावेजमा स्थानीय विषयको पाठ्यक्रम छनोट तथा विकास गरी कार्यान्वयन गर्ने दायित्व सम्बन्धित स्थानीय तहको हुने उल्लेख गरिएको छ । यसैअनुरूप सम्बन्धित स्थानीय सरोकारवाला व्यक्ति र संस्थाको संलग्नता र सहभागितामा स्थानीय आवश्यकता र औचित्यका आधारमा स्थानीय पाठ्यक्रम विकास गरी कार्यान्वयन गरिनुपर्छ भन्ने सिद्धान्तलाई अङ्गीकार गर्दै स्थानीय पाठ्यक्रमले राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका समुदायभित्र रहेका ऐतिहासिक, भौगोलिक, आर्थिक, सामाजिक, सांस्कृतिक, औद्योगिक तथा वातावरणीय पक्षसँग सम्बन्धित विषयवस्तु समेट्नु पर्ने आवश्यकतालाई ध्यानमा राखी स्थानीयस्तरमा रहेका मूल्य, मान्यता, कला संस्कृतिको संरक्षण र संवर्द्धन गर्ने र आगामी पुस्तामा उक्त ज्ञान, सिप, मूल्य मान्यता हस्तान्तरण गर्न सहयोग पुगोस् भन्ने अभिप्रायले हल्दिबारी गाउँपालिकाका विद्यालयमा कार्यान्वयन गर्न यस पाठ्यक्रमको विकास गरिएको हो ।

स्थानीय पाठ्यक्रमलाई शैक्षिक विकेन्द्रीकरणको महत्त्वपूर्ण खुड्किलाका रूपमा पनि लिने गरिन्छ । यस स्थानीय पाठ्यक्रमको कार्यान्वयनबाट बालबालिकाले आफ्नो गाउँ, ठाउँको भौगोलिक अवस्थिति र त्यहाँको ऐतिहासिक, धार्मिक, सामाजिक, आर्थिक, सांस्कृतिक एवम् प्राकृतिक सम्पदाको पहिचानसहित त्यसको प्रर्वद्धन र उपयोगबारे समेत व्यावहारिक ज्ञान प्राप्त गर्ने र स्थानीय क्षेत्रमा रहेका जीविकोपार्जन, पेसा र व्यावसाय

सञ्चालनका सम्भावनाको पहिचान गरी भविष्यमा सक्रिय, सक्षम, उद्यमशील जीवन बिताउन सक्ने क्षमताको विकास हुने अपेक्षा गरिएको छ। स्थानीय भेषभूषा, कला, कौशल, भाषा, संस्कृति र असल आचरण भोलिका कर्णधारमा स्थानान्तर गरी जीवनोपयोगी शिक्षाको माध्यमबाट उनीहरूलाई असल एवम् सुसंस्कृत नागरिक बन्न यस पाठ्यक्रमले योगदान गर्न सघाउ पुऱ्याउने विश्वास लिइएको छ।

यस स्थानीय पाठ्यक्रम तयार पार्ने क्रममा महत्त्वपूर्ण योगदान पुऱ्याउनु हुने विज्ञ तथा विशेषज्ञ, शिक्षाविद, शिक्षक, अभिभावक, विद्यार्थी, राजनीतिक दल, जनप्रतिनिधि, नागरिक अगुवा, स्थानीय बुद्धिजीवी, सञ्चारकर्मी लगायत सम्बन्धित सबै सरोकारवालालाई हल्दिबारी गाउँपालिका हार्दिक कृतज्ञता ज्ञापन गर्छ। यस पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा शिक्षक तथा अभिभावकबाट आवश्यक सहयोग हुने विश्वास गरिएको छ। स्थानीय पाठ्यक्रम एक गतिशील दस्तावेज भएकाले आवश्यकताअनुसार सुधार र परिमार्जन गरी यसलाई अझ परिस्कृत बनाउँदै लैजानका लागि सम्बन्धित सबैबाट प्राप्त हुने रचनात्मक सुझावको यस गाउँपालिकाले सदैव स्वागत गर्छ।

२०७९ असार

**– हल्दिबारी गाउँपालिका**

# विषयसूची


| | | पेज |
|---|---|---|
| १. | परिचय | १ |
| २. | तहगत सक्षमता | २ |
| | आधारभूत तह (कक्षा १-३) | २ |
| | आधारभूत तह (कक्षा ४-५) | २ |
| | आधारभूत तह (कक्षा ६-८) | २ |
| ३. | कक्षागत सिकाइ उपलब्धि | ३ |
| ३.१ | कक्षागत सिकाइ उपलब्धि (कक्षा १-३) | ३ |
| ३.२ | कक्षागत सिकाइ उपलब्धि (कक्षा ४-५) | ५ |
| ३.३ | कक्षागत सिकाइ उपलब्धि (कक्षा ६-८) | ७ |
| ४. | विषयवस्तुको क्षेत्र र क्रम | १० |
| ४.१ | विषयवस्तुको क्षेत्र र क्रम (कक्षा १-३) | १० |
| ४.२ | विषयवस्तुको क्षेत्र र क्रम (कक्षा ४-५) | १२ |
| ४.३ | विषयवस्तुको क्षेत्र र क्रम (कक्षा ६-८) | १५ |
| ५. | विषय क्षेत्र र विस्तृतीकरण | १८ |
| ६. | सिकाइ सहजीकरण विधि तथा प्रक्रिया | ४० |
| | (क) कक्षा १-३ मा सिकाइ सहजीकरण विधि र प्रक्रिया | ४१ |
| | (ख) कक्षा ४-८ मा सिकाइ सहजीकरण विधि र प्रक्रिया | ४२ |
| ७. | स्थानीय पाठ्यक्रममा शिक्षण सिकाइका लागि माध्यम भाषाको छनोट | ४३ |
| ८. | विद्यार्थी मूल्याङ्कन | ४४ |
| | (क) कक्षा १-३ मा विद्यार्थी मूल्याङ्कन | ४५ |
| | (ख) कक्षा ४-५ मा विद्यार्थी मूल्याङ्कन | ४७ |
| | (ग) कक्षा ६-८ मा विद्यार्थी मूल्याङ्कन | ४९ |
| ९. | विशिष्टीकरण तालिका (४ र ५) | ५० |
| १०. | विशिष्टीकरण तालिका (६ र ८) | ५१ |

# १. परिचय

हल्दिबारी गाउँपालिकामा अध्ययनरत कक्षा १ देखि कक्षा ८ सम्मका बालबालिकाले आफ्नो स्थानीय परिवेशको बारेमा आवश्यक जानकारी पाउन सकुन्, स्थानीय कला, संस्कृति, पेसा तथा व्यवसाय, प्राकृतिक, भौगोलिक, सांस्कृतिक, विविधतायुक्त समाजका बारेमा समुचित जानकारी प्राप्त गर्दै भावी जीवनका लागि आवश्यक ज्ञान, सिप, प्रविधि, मूल्यमान्यता, संस्कार, सभ्यता र संस्कृतिसँग सुसूचित गराउँदै बालबालिकालाई स्थानीय स्रोत-साधनको पहिचान र परिचालन गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले यो स्थानीय पाठ्यक्रम निर्माण गरिएको हो । यो पाठ्यक्रम स्थानीय तहमै कार्यान्वयन गरिने भएकाले यसलाई निरन्तर अद्यावधिक पनि गर्दै लैजानु आवश्यक छ । आवश्यक ठानिएका विषयवस्तु थप गर्दै र अनावश्यक ठानिएका विषयवस्तु हटाउन सकिने छ ।

यो पाठ्यक्रम राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६ ले निर्दिष्ट गरेका प्रावधानलाई ध्यान दिई विकास गरिएको छ । यस पाठ्यक्रमको कार्यान्वयनबाट स्थानीय कला, संस्कृति, पेसा, व्यवसाय, प्रविधि, मूल्य मान्यताको संरक्षण तथा प्रवर्धन गर्नमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । यस पाठ्यक्रममा प्रारम्भिक कक्षादेखि नै स्थानीय परिवेशसँग परिचित गराउनका साथै स्थानीय ज्ञान, सिप, प्रविधि, संस्कृति, संस्कार, कला, भाषा, साहित्यको संवर्धन गर्ने विषयवस्तु राखिएका छन् । यसबाट बालबालिकामा स्थानीय परिवेशसँग परिचित भई परम्परादेखि चलिआएका स्थानीय ज्ञान र अभ्यासलाई उजागर गर्ने, परिष्कृत गर्ने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा प्रचार प्रसार गर्न सक्ने सोच र क्षमताको विकास गर्न सकिने तथ्यलाई यस पाठ्यक्रमले आत्मसात गरेको छ । यस पाठ्यक्रममा विशेषतः हल्दिबारी गाउँपालिकाको परिचय, नक्साङ्कन, यसले गर्ने सेवा प्रवाह, गाउँपालिकाभित्रको रीतिरिवाज, संस्कार र संस्कृति, स्थानीय धार्मिक र पर्यटकीय स्थल, स्थानीय परम्परागत पेसा, व्यवसाय र प्रविधि, विपत् व्यवस्थापन जस्ता पक्ष समावेश गरिएका छन् । गरेर सिक्ने (Learning by doing) र अनुभवमा आधारित सिकाइ पद्धतिमा आधारित भई सिकाइ सहजीकरण गर्ने र विद्यार्थीलाई उनीहरूले विभिन्न माध्यमबाट प्राप्त ज्ञान, सिप र अभिवृत्तिलाई विद्यालय तथा समुदायमा प्रयोग गर्ने खालका क्रियाकलापमा जोड दिएको छ । यस पाठ्यक्रमले बालबालिकालाई स्थानीय ज्ञान, सिप तथा प्रविधिको उपयोग गरेर आत्मनिर्भर भई जीविकोपार्जनमा सहयोग पुर्‍याउने अपेक्षा समेत गरिएको छ । यसले हल्दिबारी गाउँपालिकाको स्थानीय वस्तुस्थितिका बारेमा जानकारीसमेत दिने छ ।

**यस पाठ्यक्रममा निम्न लिखित विषयक्षेत्र समेटिएका छन्:**

१. हाम्रो गाउँपालिका
२. स्थानीय सामाजिक मूल्यमान्यता, जातजाति, भाषा तथा कला र संस्कृति
३. हाम्रो आचरण र सकारात्मक व्यवहार
४. स्थानीय पेसा, व्यवसाय तथा उत्पादन
५. स्थानीय ऐतिहासिक तथा धार्मिक स्थल, उद्योग र पर्यटकीय सम्पदा
६. सञ्चार र प्रविधि
७. विपत् व्यवस्थापन

## २. तहगत सक्षमता

यस स्थानीय पाठ्यक्रमले विशेषतः हल्दिबारी गाउँपालिकाको परिवेशमा विद्यमान जातजाति, संस्कार, संस्कृति लगायत समग्र वस्तुस्थितिसँग बालबालिका परिचित हुन सकुन् भन्ने उद्देश्य राखेको छ। स्थानीय पेसा, व्यवसाय, प्रविधि, सम्पदा लगायत विविध पक्षहरूका बारेमा सिकारुले सक्षमता हासिल गर्ने तहगत उद्देश्य पनि राखेको छ ।

यस स्थानीय पाठ्यक्रमले समेटेको तहगत सक्षमतालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**आधारभूत तह (कक्षा १-३)**

यस तहको अन्त्यमा विद्यार्थीहरूले निम्नलिखित कार्य गर्न सक्षम हुने छन्:

१. हल्दिबारी गाउँपालिकाको भौगोलिक परिवेश तथा सामाजिक अवस्थाका आधारभूत पक्षको पहिचान
२. स्थानीय कला, संस्कृति, चाडपर्व, जातजाति तथा भाषाका बारेमा परिचित भई पारस्पारिक सम्बन्ध विकास
३. स्थानीय ऐतिहासिक, पर्यटकीय स्थल तथा उद्योगका सम्बन्धमा जानकारी
४. स्थानीय पेसा, व्यवसाय तथा उत्पादन एवम् जीविकोपार्जनका क्षेत्रको पहिचान
५. असल अभ्यासको आत्मसात् र सकारात्मक व्यवहार प्रदर्शन
६. आफ्नो क्षेत्र वरपर घट्न सक्ने विपत्का सम्बन्धमा जानकारी र सचेतता

**आधारभूत तह (कक्षा ४-५)**

यस तहको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

१. हल्दिबारी गाउँपालिकाको भौगोलिक परिवेश तथा सामाजिक अवस्थाका आधारभूत पक्षहरूको पहिचान
२. स्थानीय कला, संस्कृति, चाडपर्व, जातजाति तथा भाषाभाषीको पहिचान र पारस्पारिक सम्बन्ध विकास
३. स्थानीय ऐतिहासिक, पर्यटकीय स्थल र उद्योगका सम्बन्धमा जानकारी
४. स्थानीय पेसा, व्यवसाय तथा उत्पादनको पहिचान गरी जीविकोपार्जनका क्षेत्र पहिचान
५. सञ्चार र प्रविधिको पहिचान र प्रयोग
६. स्थानीय असल अभ्यासको आत्मसात् र सकारात्मक व्यवहार प्रदर्शन
७. आफ्नो क्षेत्र वरपर घट्न सक्ने विपत्का सम्बन्धमा जानकारी र विपत् व्यवस्थापनमा सक्रिय सहभागिता

**आधारभूत तह (कक्षा ६-८)**

यस तहको अन्त्यमा विद्यार्थीहरूले निम्नलिखित कार्य गर्न सक्षम हुने छन्:

१. स्थानीय भौगोलिक अवस्थिति, सामाजिक, आर्थिकलगायत अन्य पक्षहरूको पहिचान
२. स्थानीय कला, संस्कृति, चाडपर्व, जातजाति तथा भाषाभाषीका बारेमा परिचित भई पारस्पारिक सम्बन्धको विकास एवम् विविधताको सम्मान र संवर्धन
३. स्थानीय ऐतिहासिक, धार्मिक, पर्यटकीयलगायत विभिन्न सम्पदाको जानकारी एवम् तिनीहरूको संरक्षण र संवर्धन
४. स्थानीय पेसा, व्यवसायसँग परिचित भई जीविकोपार्जनका क्षेत्र पहिचान
५. स्थानीय सञ्चार र प्रविधिका बारेमा परिचित भई नवीनतम सञ्चार प्रविधिको प्रयोग
६. असल अभ्यासलाई आत्मसात् गर्दै सकारात्मक व्यवहार प्रदर्शन
७. आफ्नो क्षेत्र वरपर घट्न सक्ने विपत्का सम्बन्धमा जानकारी र विपत् व्यवस्थापनमा योगदान

## ३. कक्षागत सिकाइ उपलब्धि

### ३.१ कक्षा १, ३ को

| विषयक्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| १.हाम्रो गाउँपालिका | १. आफ्नो टोल/बस्तीको नाम बताउन<br>२. आफू बसेको गाउँ वरिपरिको बस्तीको नाम भन्न<br>३. आफू बसेको वडा र पालिकाको नाम भन्न | १. आफू बसेको वडा कार्यालयको स्थान बताउन<br>२. आफ्नो ठेगाना  बताउन<br>३. आफ्नो गाउँ/टोल वरपर रहेका खोलानाला को नाम बताउन<br>४.आफ्नो गाउँटोलमा रहेका सडक बाटाको परिचय दिन | १. आफ्नो पालिकाको वडा सङ्ख्या बताउन<br>२. वडाको अवस्थिति र सिमाना बताउन<br>३. आफ्नो पालिकामा रहेको वन जङ्गल, ताल र पोखरीको नाम बताउन<br>४.आफू बसोबास गर्ने वडाभित्र रहेका स्वास्थ्य प्रदायक संस्थाको नाम र ठेगाना भन्न |
| २.स्थानीय सामाजिक मूल्य मान्यता | १. आफ्नो परिवार र आफ्नो गाउँटोलमा मनाइने चाडपर्वको नाम बताउन<br>२. आफू र आफ्ना साथीहरूले बोल्ने भाषाको नाम बताउन<br>३. आफू र आफ्ना परिवारका सदस्यले लगाउने पहिरनको नाम भन्न<br>४.आफ्नो घरपरिवारले मान्ने धर्मको नाम भन्न | १. आफ्नो परिवार र आफ्नो गाउँघरमा मनाइने चाडपर्वमा बनाइने परिकारका नाम बताउन<br>२. स्थानीय चाडपर्वमा बजाइने बाजा, गाइने गित र नृत्यबारे बताउन<br>३. स्थानीय स्तरमा मनाइने चाडपर्वको बारेमा बताउन<br>४.गाँउटोलमा बोलिने मुख्य भाषाहरू पहिचान गर्न | १. स्थानीय समुदायमा मनाइने मुख्य चाडपर्वको सूची बनाउन<br>२. स्थानीयस्तरमा रहेका जातजाति को सूची तयार गर्न<br>३. स्थानीय जातजातिले लगाउने सांस्कृतिक भेषभूषाको पहिचान गर्न |

| | | | |
|---|---|---|---|
| ३. हाम्रो आचरण र सकारात्मक व्यवहार | १. आफ्नो घरपरिवारका सदस्यलाई आदर गर्न<br>२. आफ्ना साथीहरूसँग मिलनसार व्यवहार गर्न<br>३. आफू सफा सुग्घर रहन<br>४.समूहमा मिलेर बस्न | १. आफ्नो घर परिवार, छरछिमेक तथा विद्यालयमा शिष्टाचार व्यवहारको विकास गर्न<br>२. समूहमा मिलेर खेल्न<br>३. घर परिवारमा आफूले सकेको सर-सहयोग गर्न | १. मान्यजन तथा अतिथिलाई शिष्टाचार पूर्ण व्यवहार गर्न<br>२. अनुशासन तथा आज्ञाकारिताको पालना गर्न<br>३. शरीरलाई हानी गर्ने खानेकुरा बाट सचेत रहन<br>४.छरछिमेकको काममा सहयोग गर्न |
| ४. स्थानीय पेसा, व्यवसाय तथा उत्पादन | १. आफ्ना परिवारका सदस्यले गर्ने मुख्य काम बताउन<br>२. आफ्नो परिवारले उत्पादन गरेका वस्तुको नाम बताउन<br>३. परिवारले उत्पादन गरेर बेच्ने वस्तुको नाम बताउन | १. गाउँ तथा टोलका मानिसहरूले गर्ने मुख्य पेसा तथा व्यवसायको नाम बताउन<br>२. छरछिमेकका व्यवसायिक उत्पादनको नाम भन्न<br>३. आफ्नो परिवारको पेसागत औजारको नाम भन्न<br>४.घरमा उत्पादन भएका वस्तु बिक्री गर्ने स्थान पहिचान गर्न | १. स्थानीय स्तरमा गरिने पेसा तथा व्यवसायहरूको पहिचान गर्न<br>२. आफ्नो वडामा उत्पादन हुने मुख्य वस्तुको नाम बताउन<br>३. स्थानीय बजारमा किन्न पाइने वस्तुको नाम बताउन<br>४.गाउँघरमा उत्पादित वस्तु बिक्री गर्ने स्थानको परिचय दिन |
| ५. स्थानीय ऐतिहासिक तथा धार्मिक स्थल, उद्योग र पर्यटकीय सम्पदा | १. आफ्नो गाउँ/टोलमा रहेका धार्मिक स्थलको नाम बताउन<br>२. आफ्नो घरको वरपर रहेका रमाइला र घुम्न मन पर्ने ठाउँको नाम बताउन | १. वडाभित्रका धार्मिक स्थलको सामान्य परिचय दिन<br>२. वडाभित्रका पर्यटकीय स्थल पहिचान गर्न | १. गाउँपालिकाभित्रका धार्मिक स्थलको सामान्य परिचय दिन<br>२. गाउँपालिकाभित्रका पर्यटकीय स्थल पहिचान गर्न |
| ६. विपत् व्यवस्थापन | १. घर तथा विद्यालयमा हुन सक्ने विपत्को नाम बताउन | १. स्थानीय समुदायमा हुन सक्ने बाढी, आगलागी तथा विद्युतीय दुर्घटना (करेन्ट लाग्नु) को जोखिमका बारे मा परिचत हुन<br>२. आफू बसेको ठाउँमा हुन सक्ने विपत्सँग सचेत रहन | १.बाढी, आगलागी तथा विद्युतीय दुर्घटना (करेन्ट लाग्नु) का कारण र बचावटका उपाय उल्लेख गर्न<br>२. आफू बसेको ठाउँमा हुन सक्ने विपत्सँग सचेत रहन |

# कक्षागत सिकाइ उपलब्धि

## ३.२ कक्षा ४, ५ को

| विषय क्षेत्र | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| १. हाम्रो गाउँपालिका | १. हल्दिबारी गाउँपालिकाको भौगालिक अवस्था (सिमाना, क्षेत्रफल) भन्न<br>२. गाउँपालिकाभित्रका वडाहरूको सङ्ख्या, वडा कार्यालयहरूको ठेगाना भन्न<br>३. गाउँपालिकाभित्रका मुख्य बाटाघाटा/ सडकको पहिचान गर्न<br>४. गाउँपालिकाभित्रका मुख्य नदीनाला, पोखरी तथा वनजङ्गल पहिचान गरी परिचय दिन | १. गाउँपालिकाको संरचना तथा नाम रहनुको कारणहरु खोजी गर्न<br>२. आफू बस्ने वडाको नक्सा कोर्न र नक्सामा मुख्य मुख्य स्थान देखाउन<br>३. आफ्नो वडाभित्रको जनसङ्ख्या (महिला र पुरुष) खोजी पहिचान गर्न<br>४. गाउँपालिकाभित्रका मुख्य नदीनाला, पोखरी तथा वनजङ्गलको महत्त्व बताउन |
| २. स्थानीय सामाजिक मूल्यमान्यता | १. आफ्ना नातेदारहरूको नाम, ठेगाना र रीतिरिवाज भन्न<br>२. आफूले मनाउने चाडपर्व (दसैं, तिहार, छठ, ल्होसार, उँधौली, उँभौली, चण्डी, लाखे, बैसागु, सिरुवा, सोहराय आदि) को परिचय दिन<br>३. आफूले मनाउने चाडपर्वको महत्व बताउन | १. गाउँपालिकाभित्रका समुदायको प्रचलित रीतिरिवाज र परम्पराको पहिचान गर्न र महत्व बताउन<br>२. आफ्नो धर्मअनुसार जन्म तथा मृत्यु संस्कारको परिचय दिन<br>३. स्थानीय स्तरमा लाग्ने मेलाको परिचय दिन<br>४. स्थानीय स्तरमा प्रचलित मुख्य लोकगीतमा हाउभाउसहित गाउन र नृत्य गर्न<br>५. स्थानीय परम्परागत बाजाको पहिचान र अभ्यास गर्न |
| ३. हाम्रो आचरण र सकारात्मक व्यवहार | १. समाजका असल कार्यको पहिचान गर्न र उक्त कार्यको अनुकरण गर्ने सिपको विकास गर्न<br>२. परिवार तथा विद्यालयमा जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने बानी, व्यवहार र आचरणको पहिचान गर्न<br>३. सामाजिक शिष्टाचार तथा नियमको पालना गर्न<br>४. खराब आचरण (धूमपान, मद्यपान र लागु औषध) बाट हुने असरबारे परिचित हुन | १. परिवार र समाजको असल नागरिक हुनका लागि आवश्यक पर्ने सिप पहिचान गर्न र सिप विकासको अभ्यास गर्न<br>२. परिवार तथा विद्यालयमा जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने आचरणको पहिचान गर्न<br>३. सामाजिक शिष्टाचार, सरसहयोग तथा नियमको पालना गर्न |

| | | |
|---|---|---|
| ४. स्थानीय पेसा, व्यवसाय तथा उत्पादन | १. परम्परागत स्थानीय पेसाको पहिचान गर्न<br>२. स्थानीय स्तरमा निर्मित हस्तकलाका सामग्रीका नाम र निर्माणका लागि आवश्यक सामग्रीको सूची तयार गर्न<br>३. घर तथा स्थानीय समुदायमा उत्पादन हुने कृषिजन्य उत्पादनको पहिचान गर्न<br>४. घर तथा समुदायमा उत्पादन भएका वस्तुको बजारीकरण गर्ने उपाय बताउन | १. स्थानीय स्तरमा हुने मौसमी र बेमौसमी कृषिजन्य उत्पादन हुने बालीको पहिचान गर्न र परिचय दिन, खेती गर्ने कार्यमा सहभागी हुन<br>२. गाउँपालिकाभित्रका हाटबजार तथा आवश्यक सामग्री खरिद गर्ने स्थलको परिचय दिन<br>३. गाउँपालिकाभित्र बसोबास गर्ने मानिसका मुख्य मुख्य आयस्रोतहरूको पहिचान गर्न<br>४. परम्परागत हस्तकला बनाउने सिपहरू (माटोका भाँडा तथा मूर्ति बनाउने) बारे परिचित हुन |
| ५. स्थानीय ऐतिहासिक तथा धार्मिक स्थल, उद्योग र पर्यटकीय सम्पदा | १. गाउँपालिकाको सामाजिक, सांस्कृतिक, तथा धार्मिक अवस्थाको परिचय दिन ।<br>२. गाउँपालिकाका धार्मिक तथा पर्यटकीय स्थलको परिचय दिन ।<br>३. स्थानीय स्तरमा रहेका उद्योगको नाम बताउन | १. गाउँपालिकाको सामाजिक, सांस्कृतिक, धार्मिक अवस्था वर्णन गर्न<br>२. गाउँपालिकाभित्रका पर्यटकीय स्थलको महत्त्व बताउन<br>३. स्थानीय व्यापार, व्यवसाय तथा उद्योगको अवस्था वर्णन गर्न |
| ६. सञ्चार र प्रविधि | १. स्थानीय परम्परागत प्रविधिको परिचय दिन<br>२. परम्परागत स्थानीय सञ्चारका साधनको परिचय दिन<br>३. दैनिक जीवनमा सञ्चारका साधनको महत्त्व वर्णन गर्न | १. आधुनिक सञ्चार र प्रविधिको परिचय दिन<br>२. आधुनिक सञ्चारका साधनको सूची तयार गर्न<br>३. स्थानीय दैनिक जीवनमा सञ्चारका साधनको महत्त्व उल्लेख गर्न |
| ७. विपत् व्यवस्थापन | १. विपत्का प्रकारको सूची तयार गर्न<br>२. विभिन्न विपत्बाट बच्ने उपाय बताउन<br>३. स्थानीय स्तरमा हुने विपत्बाट बच्ने उपाय बताउन | १. स्थानीय स्तरमा हुने विपत्को पहिचान गर्न<br>२. विभिन्न विपत्बाट बच्ने उपाय बताउन<br>३. विपत्बाट बच्ने उपायको अभ्यास गर्न |

# कक्षागत सिकाइ उपलब्धि

## ३.३ कक्षा ६, ८

| विषयक्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| १.हाम्रो गाउँपालिका | १. आफू बसोबास रहेको गाउँटोलको नक्सा कोर्न र मुख्य मुख्य स्थान सङ्केतद्वारा देखाउन<br>२. आफू रहेको वडाको वडा समितिको गठन प्रक्रिया उल्लेख गर्न<br>३. आफ्नो वडा कार्यालयबाट प्रदान गरिने सेवा सुविधाको विवरण प्रस्तुत गर्न<br>४. आफ्नो वडा कार्यालयबाट बालबालिकालाई प्रदान गर्ने सेवा सुविधाको विवरण तयार गर्न<br>५. गाउँपालिकाभित्र रहेका सुरक्षा निकायका सम्बन्धमा परिचित हुन | १. आफू बसोबास रहेको वडाको नक्सा कोर्न र मुख्य मुख्य स्थान, नदी, धार्मिक स्थल देखाउन<br>२. हल्दिबारी गाउँपालिकाको शिक्षा प्रदायक संस्थाबारेमा परिचित हुन<br>३. गाउँपालिकाले शिक्षा, बाल-बालिका तथा युवाका लागि तय गरेका कार्यक्रमबारे जानकारी प्राप्त गर्न<br>४. गाउँपालिकाको जनसङ्ख्याको (लैङ्गिक, जातिगत, शैक्षिक) बारे बताउन<br>५. गाउँकार्यपालिकाको परिचय दिन तथा गठन प्रक्रियाबारेमा जानकारी लिन | १. गाउँपालिकाको नक्सा कोर्न र गाउँपालिका तथा अन्य मुख्य मुख्य स्थान, नदी, धार्मिक स्थल र कृषि उत्पादन हुने क्षेत्र देखाउन<br>२. गाउँपलिकाको कार्यपालिका, व्यवस्थापिका र न्यायिक समितिको गठन प्रक्रिया सम्बन्धमा बोध प्रस्तुत गर्न<br>३. गाउँसभाको बैठक, काम, कर्तव्य र अधिकार उल्लेख गर्न<br>४. गाउँपालिकाका विभिन्न समिति को बारेमा जानकारी प्राप्त गर्न<br>५. गाउँपालिकाले शिक्षा तथा बालबालिका लागि तय गरेका कार्यक्रमका सम्बन्धमा परिचित हुन |
| २. स्थानीय सामाजिक मूल्यमान्यता | १. गाउँपालिकाभित्रका समुदायको प्रचलित रीतिरिवाज र परम्पराको अन्तरसम्बन्ध बताउन<br>२. आफ्ना जातीय परम्पराअनुसार विवाह संस्कारको परिचय दिन<br>३. स्थानीय स्तरमा प्रचलित मुख्य लोकगीतमा हाउभाउसहित गाउन र नृत्य गर्न | १. गाउँपालिकाभित्रका समुदायको प्रचलित रीतिरिवाज र परम्पराको सम्मान तथा सवर्धन गर्न<br>२. स्थानीय स्तरमा प्रचलित मुख्य लोकगीतमा हाउभाउसहित गाउन र नृत्य गर्न | १. गाउँपालिकाभित्रका समुदायको प्रचलित रीतिरिवाज र परम्पराको सम्मान, संवर्धन तथा सहभागी हुन<br>२. स्थानीय स्तरमा प्रचलित मुख्य लोकगीतमा हाउभाउसहित गाउन र नृत्य गर्न |

| | | | |
|---|---|---|---|
| | ३. स्थानीय स्तरमा रहेका विभिन्न जातजातिका भाषा (राजवंशी, संथाल र मेचे) प्रति परिचित हुन | ३. स्थानीय तथा परम्परागत बाजाको अभ्यास गर्न<br>४. स्थानीय स्तरमा रहेका विभिन्न जातजातिका भेषभूषा प्रति परिचित हुन | ३. स्थानीय परम्परागत कुनै बजाइने बाजाको अभ्यास गर्न |
| ३. हाम्रो आचरण र सकारात्मक व्यवहार | १. प्रभावकारी सञ्चार सिपको विकास गर्न<br>२. असल बोल्ने स्वभावको प्रयोग गर्दै खुसी र सुखी हुने बानीको अभ्यास गर्न ।<br>३. खराब आचरण (धूमपान, मद्यपान र लागु औषध) बाट बच्ने उपायबारे बताउन | १. असल नागरिक हुन आवश्यक सिपहरू पहिचान गरी प्रयोग गर्न ।<br>२. सार्वजनिक सम्पतिको संरक्षण तथा सुरक्षा गर्न<br>३. खराब आचरण (धूमपान, मद्यपान र लागु औषध) बाट बच्ने उपाय बारे बताउन । | १. विद्यालय तथा समुदायप्रति आफ्नो कर्तव्य र जवाफदेहीताको बोध गर्न<br>२. जीवनमा असल र सफल बन्ने उपायको खोजी गर्न<br>३. खराब आचरण (धूमपान, मद्यपान र लागु औषध) बाट बच्ने र सकारात्मक व्यवहार अवलम्बन गर्न |
| १. ४.स्थानीय पेसा, व्यवसाय तथा उत्पादन | १. हल्दिबारी गाउँपालिका कृषि र पशुपालनको परिचय दिन<br>२. स्थानीय चिया खेतीको परिचय दिन<br>३. जैविक खेतीको सामान्य परिचय दिन<br>४. स्थानीय खाद्य परिकार (भक्का) को परिचय दिई पकाउने तरिका तथा पकाउने अभ्यास गर्न<br>५. परम्परागत हस्तकला सिप (ढाका बुनाई,) प्रति परिचित हुन | १. स्थानीय कृषि उत्पादन (धान, उद्योग, चिया खेती, कृषि उपकरण) विधिप्रति परिचित हुन<br>२. स्थानीय चिया उत्पादनको बजारीकरण परिचित हुन ।<br>३. स्थानीय बिउविजन संरक्षण गर्ने तरिका भन्न र अवलम्बन गर्न<br>४. स्थानीय बिउविजन भण्डारणका परम्परागत शैलीको पहिचान र अवलम्बन गर्न<br>५. जैविक खेती गर्दा अवलम्बन गर्ने तरिका बताउन<br>६. स्थानीय खाद्य परिकार (सेलरोटी) पकाउने सामग्रीको सूची तयार गर्न | १. स्थानीय कृषि उत्पादन (माछा, पशुपालन, चिया खेती) ले समुदायमा पु¥याएको फाइदा तथा महत्वबारे वर्णन गर्न<br>२. जैविक खेतीको आवश्यकता र महत्त्व वर्णन गर्न<br>३. स्थानीय खाद्य परिकार (सेलरोटी) पकाउने तरिका तथा पकाउने अभ्यास गर्न |

| | | | |
|---|---|---|---|
| ५. स्थानीय ऐतिहासिक तथा धार्मिक स्थल, उद्योग र पर्यटकीय सम्पदा | १. गाउँपालिका क्षेत्रभित्रका ऐतिहासिक तथा पर्यटकीय स्थल (धनुषपोखरी, भेलागुडी र पाथीभरा पर्यटकीय क्षेत्र) को महत्त्व बताउन तथा प्रवर्धन गर्न<br>२. २.गाउँपालिकाको पर्यटन व्यवसायको सम्भावना र प्रवर्धनका उपाय भन्न | १. गाउँपालिका क्षेत्रभित्रका पर्यटकीय स्थल (चारकोसे जङ्गल तथा पाथीभरा पर्यटकीय क्षेत्र) को महत्त्व बताउन तथा तिनीहरूको प्रवर्धन गर्न<br>२. गाउँपालिकाको पर्यटन व्यवसायको सम्भावना र प्रवर्धनका उपाय भन्न | १. गाउँपालिका क्षेत्रभित्रका पर्यटकीय स्थलको महत्त्व बताउन तथा तिनीहरूको संरक्षण र प्रवर्धनमा योगदान गर्न<br>२. गाउँपालिकामा पर्यटन व्यवसाय विकासका अवसर र चुनौती पहिचान गर्न<br>३. पर्यटन व्यवसायको प्रवर्धन र विस्तारमा सहयोग गर्न<br>४. गाउँपालिका क्षेत्रभित्र रहेका वनजङ्गलको जैविक विविधता र पर्यावरणीय महत्त्व बताउन |
| ६. सञ्चार र प्रविधि | १. नवीनतम सूचना तथा सञ्चार प्रविधि (कम्प्युटर र इन्टरनेट) को आधारभूत सिपबारेमा परिचित हुन | १. नवीनतम सूचना तथा सञ्चार प्रविधि (कम्प्युटर र इन्टरनेट) को आधारभूत सिपको विकास गरी प्रयोग गर्न | १. नवीनतम सूचना तथा सञ्चार प्रविधि (कम्प्युटर, इन्टरनेट र इमेल) को प्रयोग गर्न<br>२. नवीनतम सूचना तथा सञ्चार प्रविधि (कम्प्युटर, इन्टरनेट र इमेल) को उपयोग गर्न |
| १. ७.विपत् व्यवस्थापन | १. विपत् जोखिम न्यूनीकरणको परिचय दिन<br>२. विपत्पूर्व अपनाइने सजगताको जानकारी दिन | १. स्थानीयस्तरमा हुने विपत्जोखिम न्यूनीकरणका उपाय भन्न<br>२. गाउँपालिकाबाट विपत् व्यवस्थापनका लागि गरिएका प्रयास भन्न र सहभागी हुन<br>३. गाउँस्तरमा विपत् व्यवस्थापनमा संलग्न सामाजिक संस्थाहरूले गरेका कार्य भन्न | १. विपत् व्यवस्थापनमा सहभागी हुन<br>२. विपत् व्यवस्थापनका लागि गरिएका अभ्यासको जानकारी हासिल गर्न र सहभागी हुन<br>३. विपत् व्यवस्थापनमा विभिन्न सङ्घ संस्थाको भूमिका वर्णन गर्न |

# ४. विषयवस्तुको क्षेत्र र क्रम

## ४.१ कक्षा १, ३ को

| विषय क्षेत्र | कक्षा १ | कार्य घण्टा | कक्षा २ | कार्य घण्टा | कक्षा ३ | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १. हाम्रो गाउँपालिका | • आफ्नो पूरा ठेगाना<br>• आफ्नो टोल/ बस्तीको नाम<br>• आफू बसेको टोल वरिपरिको बस्तीको नाम<br>• आफ्नो विद्यालयको नाम र ठेगाना | ३५ | • आफू बसेको वडा र पालिकाको नाम<br>• आफू बसेको वडा कार्यालयको स्थान<br>• आफ्नो वडामा रहेका खोलानालाको नाम<br>• आफ्नो वडाको मुख्य बाटा | ३५ | • आफ्नो पालिकाको वडा सङ्ख्या<br>• आफ्नो वडाको क्षेत्रफल र सिमाना<br>• आफ्नो पालिकामा रहेको वनजङ्गल, पोखरीको नाम<br>• आफू बसोबास गर्ने वडाभित्र रहेका स्वास्थ्य प्रदायक संस्थाको नाम र ठेगाना | ३५ |
| २. स्थानीय सामाजिक मूल्यमान्यता | • आफ्नो घर परिवारमा मनाइने चाडपर्व<br>• आफ्नो गाउँघरमा मनाइने चाडपर्व<br>• आफ्नो परिवारका सदस्यहरूले बोल्ने भाषा<br>• आफ्ना साथीहरूले बोल्ने भाषाको नाम | ३५ | • आफ्नो र आफ्नो गाउँघरमा मनाइने चाडपर्वमा बनाइने परिकारका नाम<br>• स्थानीय चाडपर्वमा बजाइने बाजा, गाइने गीत र नृत्य<br>• स्थानीय स्तरमा मनाइने चाडपर्व<br>• गाँउटोलमा बोलिने मुख्य भाषा | ३५ | • स्थानीय स्तरमा रहेका जातजाति<br>• स्थानीय स्तरमा मनाइने मुख्य चाडपर्व<br>• स्थानीय जातजातिका भेषभूषा<br>• जातिगत चाडपर्वको वर्गीकरण | ३५ |
| ३. हाम्रो आचरण र सकारात्मक व्यवहार | • आफ्नो घरपरिवारका सदस्यलाई आदर तथा सम्मान र माया प्रेम | २५ | • आफ्नो घर परिवार, छरछिमेकमा प्रदर्शन गरिने शिष्टाचार व्यवहार | २५ | • मान्यजन तथा अतिथिप्रति गरिने शिष्टाचारपूर्ण व्यवहार<br>• अनुशासनको पालना तथा आज्ञाकारिता | २५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ● आफ्ना साथीहरूसँग मिलनसार व्यवहार र सहयोग आदानप्रदान<br>● व्यक्तिगत सरसफाइका कार्य<br>● समूहमा मेलमिलाप | | ● मिलनसार व्यवहार<br>● मेलमिलाप तथा आपसी सहयोग | | ● शरीरलाई हानी- नोक्सानी गर्ने खानेकुराको सचेतना<br>● शुद्ध आहार-विहार | |
| ४. स्थानीय पेसा, व्यवसाय तथा उत्पादन | ● आफ्ना अभिभावकले गर्ने मुख्य काम तथा पेसा<br>● आफ्नो परिवारले उत्पादन गरेका वस्तु<br>● परिवारले उत्पादन गरेर बेच्ने वस्तु | २५ | ● गाउँ तथा टोलका मानिसहरूले गर्ने मुख्य पेसा तथा व्यवसाय<br>● छरछिमेकमा उत्पादन गरेर बेच्ने वस्तु<br>● आफ्नो परिवारको पेसागत औजार<br>● घरमा उत्पादन भएका वस्तु बिक्री गर्ने स्थान | २५ | ● पालिका स्तरमा गरिने मुख्य पेसा तथा व्यवसाय<br>● पालिकाका मुख्य उत्पादन<br>● स्थानीय बजारमा किन्न पाइने वस्तु<br>● गाउँघरमा उत्पादित वस्तु बिक्री गर्ने स्थानको पहिचान र विशेषता | २५ |
| ५. स्थानीय ऐतिहासिक तथा धार्मिक स्थल, उद्योग र पर्यटकीय सम्पदा | ● आफ्नो परिवारले मान्ने धर्म<br>● आफ्नो टोलमा रहेका धार्मिक स्थल<br>● गाउँटोल वरपर रहेका पर्यटकीय स्थल | २० | ● वडाभित्रका धार्मिक स्थल<br>● वडाभित्रका पर्यटकीय स्थल | २० | ● पालिकाभित्रका धार्मिक स्थल<br>● पालिकाभित्रका पर्यटकीय स्थल | २० |
| ६. विपत् व्यवस्थापन | ● घरपरिवारमा हुन सक्ने विपत्<br>● विद्यालयमा हुन सक्ने विपत्<br>● बाटाघाटामा हुन सक्ने विपत् | २० | ● बाढी, आगलागी तथा महामारी<br>● विद्युतीय दुर्घटनाको जोखिम<br>● आफू बसेको ठाउँमा हुन सक्ने विपत्सँग सचेतना<br>● सडकमा हुने दुर्घटना | २० | ● बाढी, आगलागी तथा महामारी<br>● विद्युतीय दुर्घटना (करेन्ट लाग्नु) जोखिमका कारण<br>● आफू बसेको ठाउँमा हुन सक्ने विपत् सँग सचेतना<br>● सडकमा हुने दुर्घटनाबाट सचेतना | २० |
| | जम्मा | १६० | | १६० | | १६० |

# विषयवस्तुको क्षेत्र र क्रम

## ४.२ कक्षा ४, ५ को

| क्षेत्र | कक्षा ४ | कार्य घण्टा | कक्षा ५ | कार्य घण्टा |
|---|---|---|---|---|
| १. हाम्रो गाउँपालिका | १. हल्दिबारी गाउँपालिकाको भौगालिक अवस्था (सिमाना, क्षेत्रफल) भन्न<br>२. गाउँपालिकाभित्रका वडाहरूको सङ्ख्या, वडा कार्यालयहरूको ठेगाना भन्न<br>३. गाउँपालिकाभित्रका मुख्य बाटाघाटा/सडकको पहिचान गर्न<br>४. गाउँपालिकाभित्रका मुख्य नदीनाला, पोखरी तथा वनजङ्गल पहिचान गरी परिचय दिन | २२ | १. गाउँपालिकाको संरचना तथा नाम रहनुको कारण खोजी गर्न<br>२. आफू बस्ने वडाको नक्सा कोर्न र नक्सामा मुख्य मुख्य स्थान देखाउन<br>३. आफ्नो वडाभित्रको जनसङ्ख्या (महिला र पुरुष) खोजी पहिचान गर्न<br>४. गाउँपालिकाभित्रका मुख्य नदीनाला, पोखरी तथा वनजङ्गलको महत्व बताउन | २२ |
| २. स्थानीय सामाजिक मूल्यमान्यता | १. आफ्ना नातेदारहरूको नाम, ठेगाना र रीतिरिवाज भन्न<br>२. आफूले मनाउने चाडपर्व (दसैं, तिहार, छठ, ल्होसार, उँधौली, उँभौली, चण्डी, लाखे, बैसागु, सिरुवा, सोहराय आदि) को परिचय दिन<br>३. आफूले मनाउने चाडपर्वको महत्व बताउन | २० | १. गाउँपालिकाभित्रका समुदायको प्रचलित रीतिरिवाज र परम्पराको पहिचान गर्न र महत्व बताउन<br>२. आफ्नो धर्मअनुसार जन्म तथा मृत्यु संस्कारको परिचय दिन<br>३. स्थानीय स्तरमा लाग्ने मेलाको परिचय दिन<br>४. स्थानीय स्तरमा प्रचलित मुख्य लोकगीतमा हाउभा( उसहित गाउन र नृत्य गर्न<br>५. स्थानीय परम्परागत बाजाको पहिचान र अभ्यास गर्न | २० |

| | | | | |
|---|---|---|---|---|
| ३. हाम्रो आचरण र सकारात्मक व्यवहार | १. समाजका असल कार्यको पहिचान गर्न र उक्त कार्यको अनुकरण गर्ने सिपको विकास गर्न<br>२.परिवार तथा विद्यालयमा जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने बानी, व्यवहार र आचरणको पहिचान गर्न<br>३.सामाजिक शिष्टाचार तथा नियमको पालना गर्न<br>४.खराब आचरण (धूम्रपान, मद्यपान र लागु औषध) बाट हुने असरबारे परिचित हुन | १६ | १. परिवार र समाजको असल नागरिक हुनका लागि आवश्यक पर्ने सिप पहिचान गर्न र सिप विकासको अभ्यास गर्न<br>२. परिवार तथा विद्यालयमा जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने आचरणको पहिचान गर्न<br>३. सामाजिक शिष्टाचार, सरसहयोग तथा नियमको पालना गर्न | १६ |
| ४. स्थानीय पेसा, व्यवसाय तथा उत्पादन | १. परम्परागत स्थानीय पेसाको पहिचान गर्न<br>२. स्थानीय स्तरमा निर्मित हस्तकलाका सामग्रीका नाम र निर्माणका लागि आवश्यक सामग्रीको सूची तयार गर्न<br>३. घर तथा स्थानीय समुदायमा उत्पादन हुने कृषिजन्य उत्पादनको पहिचान गर्न<br>४.घर तथा समुदायमा उत्पादन भएका वस्तुको बजारीकरण गर्ने उपाय बताउन | २० | १. स्थानीय स्तरमा हुने मौसमी र बेमौसमी कृषिजन्य उत्पादन हुने बालीको पहिचान गर्न र परिचय दिन, खेती गर्ने कार्यमा सहभागी हुन<br>२. गाउँपालिकाभित्रका हाटबजार तथा आवश्यक सामग्री खरिद गर्ने स्थलको परिचय दिन<br>३. गाउँपालिकाभित्र बसोबास गर्ने मानिसका मुख्य मुख्य आयस्रोतको पहिचान गर्न<br>४. परम्परागत हस्तकला बनाउने सिप (माटाका भाँडा तथा मूर्ति बनाउने) बारे परिचित हुन | २० |
| .५. स्थानीय ऐतिहासिक तथा धार्मिक स्थल, उद्योग र पर्यटकीय सम्पदा | १. गाउँपालिकाको सामाजिक, सांस्कृतिक तथा धार्मिक अवस्थाको परिचय दिन<br>२. गाउँपालिकाका धार्मिक तथा पर्यटकीय स्थलको परिचय दिन<br>३. स्थानीय स्तरमा रहेका उद्योगको नाम बताउन | २० | १. गाउँपालिकाको सामाजिक, सांस्कृतिक, धार्मिक अवस्था वर्णन गर्न<br>२. गाउँपालिकाभित्रका पर्यटकीय स्थलको महत्व बताउन<br>३. स्थानीय व्यापार, व्यवसाय तथा उद्योगको अवस्था वर्णन गर्न | २० |

| | | | | |
|---|---|---|---|---|
| ६. सञ्चार र प्रविधि | १. स्थानीय परम्परागत प्रविधिको परिचय<br>२. परम्परागत स्थानीय सञ्चारका साधनहरूको परिचय<br>३. दैनिक जीवनमा सञ्चारका साधनको पहिचान | १६ | १. आधुनिक सञ्चार र प्रविधिको परिचय दिन<br>२. आधुनिक सञ्चारका साधनको सूची तयार गर्न<br>३. स्थानीय दैनिक जीवनमा सञ्चारका साधनको महत्व उल्लेख गर्न | १६ |
| ७. विपत् व्यवस्थापन | १. विपत्को प्रकार बताउन<br>२. विपत्बाट बच्ने उपाय उल्लेख गर्न | १४ | १. स्थानीय स्तरमा हुने विपत्को पहिचान गर्न<br>२. विभिन्न विपत्बाट बच्ने उपाय बताउन<br>३. विपत्बाट बच्ने उपायको अभ्यास गर्न | १४ |
| | जम्मा | १२८ | | १२८ |

# विषयवस्तुको क्षेत्र र क्रम

## ४.३ कक्षा ६, ७, ८ को

| क्षेत्र | कक्षा ६ | कार्य घण्टा | कक्षा ७ | कार्य घण्टा | कक्षा ८ | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १. हाम्रो गाउँ पालिका | १. आफू बसोबास रहेको गाउँटोलको नक्सा कोर्न र मुख्य मुख्य स्थान सङ्केतद्वारा देखाउन<br>२. आफू रहेको वडाको वडा समितिको गठन उल्लेख गर्न<br>३. आफ्नो वडा कार्यालयबाट प्रदान गरिने सेवा सुविधाको विवरण प्रस्तुत गर्न<br>४. आफ्नो वडा कार्यालयबाट बालबालिकालाई प्रदान गर्ने सेवा सुविधाको विवरण तयार गर्न<br>५. गाउँपालिकाभित्र रहेका सुरक्षा निकायका सम्बन्धमा परिचित हुन | २२ | १. आफू बसोबास रहेको वडाको नक्सा कोर्न र मुख्य मुख्य स्थान, नदी, धार्मिक स्थल देखाउन<br>२. हल्दिबारी गाउँपालिकाको शिक्षा प्रदायक संस्था बारेमा परिचित हुन<br>३. गाउँपालिकाले शिक्षा, बालबालिका तथा युवाका लागि तय गरेका कार्यक्रमबारे जानकारी प्राप्त गर्न<br>४. गाउँपालिकाको जनसङ्ख्या (लैङ्गिक, जातिगत, शैक्षिक) बताउन<br>५. गाउँकार्यपालिकाको परिचय दिन तथा गठन प्रक्रियाबारेमा जानकारी लिन | २२ | १. गाउँपालिकाको नक्सा कोर्न र गाउँपालिका तथा अन्य मुख्य मुख्य स्थान, नदी, धार्मिक स्थल र कृषि उत्पादन हुने क्षेत्र देखाउन<br>२. गाउँपलिकाको कार्यपालिका, व्यवस्थापिका र न्यायिक समितिको गठन प्रक्रिया सम्बन्धमा बोधगरी प्रस्तुत गर्न<br>३. गाउँसभाको बैठक, काम, कर्तव्य र अधिकार उल्लेख गर्न<br>४. गाउँपालिकाका विभिन्न समितिको बारेमा जानकारी प्राप्त गर्न<br>५. गाउँपालिकाले शिक्षा तथा बालबालिका लागि तय गरेका कार्यक्रमका सम्बन्धमा परिचित हुन | २२ |
| २.स्थानीय सामाजिक मूल्य मान्यता | १. गाउँपालिकाभित्रका समुदायको प्रचलित रीतिरिवाज र परम्पराको अन्तरसम्बन्ध बताउन | २० | १. गाउँपालिकाभित्रका समुदायको प्रचलित रीतिरिवाज र परम्पराको सम्मान तथा सवर्धन गर्न | २० | १. गाउँपालिकाभित्रका समुदायको प्रचलित रीतिरिवाज र परम्पराको सम्मान, संवर्धन तथा सहभागी हुन | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | २. आफ्ना जातीय परम्परा अनुसार विवाह संस्कारको परिचय दिन<br>३. स्थानीय स्तरमा प्रचलित मुख्य लोकगीतमा हाउभाउसहित गाउन र नृत्य गर्न<br>४. स्थानीय स्तरमा रहेका विभिन्न जातजातिका भाषा (राजवंशी, संथाल र मेचे) प्रति परिचित हुन | | २. स्थानीय स्तरमा प्रचलित मुख्य लोकगीतमा हाउभाउ सहित गाउन र नृत्य गर्न<br>३. स्थानीय तथा परम्परागत बाजाको अभ्यास गर्न<br>४. स्थानीय स्तरमा रहेका विभिन्न जातजातिका वेशभूषा प्रति परिचित हुन | | २. स्थानीय स्तरमा प्रचलित मुख्य लोकगीतमा हाउभाउसहित गाउन र नृत्य गर्न<br>३. स्थानीय परम्परागत रुपमा बजाइने बाजाको अभ्यास गर्न | |
| ३. हाम्रो आचरण र सकारात्मक व्यवहार | १. प्रभावकारी सञ्चार सिपको विकास गर्न<br>२. असल बोल्ने स्वभावको प्रयोग गर्दै खुसी र सुखी हुने बानीको अभ्यास गर्न<br>३. खराब आचरण(धूमपान, मद्यपान र लागु औषध) बाट बच्ने उपायबारे बताउन | १६ | १. असल नागरिक हुन आवश्यक सिपहरू पहिचान गरी प्रयोग गर्न ।<br>२. सार्वजनिक सम्पतिको संरक्षण तथा सुरक्षा गर्न<br>३. खराब आचरण(धूमपान, मद्यपान र लागु औषध) बाट बच्ने उपायबारे बताउन | १६ | १. विद्यालय तथा समुदायप्रति आफ्नो कर्तव्य र जवाफदेहीताको बोध गर्न<br>२. जीवनमा असल र सफल बन्ने उपायको खोजी गर्न<br>३. खराब आचरण(धूमपान, मद्यपान र लागु औषध) बाट बच्ने र सकारात्मक व्यवहार अवलम्बन गर्न | १६ |
| ४. स्थानीय पेसा, व्यवसाय तथा उत्पादन | १. हल्दिबारी गाउँपालिका कृषि र पशुपालनको परिचय दिन<br>२. स्थानीय चिया खेतीको परिचय दिन<br>३. जैविक खेतीको सामान्य परिचय दिन | | १. स्थानीय कृषि उत्पादन (धान, उद्योग, चिया खेती, कृषि उपकरण) विधिप्रति परिचित हुन<br>२. स्थानीय चिया उत्पादनको बजारीकरण परिचित हुन ।<br>३. स्थानीय बिउविजन संरक्षण गर्ने तरिका भन्न र अवलम्बन गर्न | | १. स्थानीय कृषि उत्पादन (माछा, पशुपालन, चिया खेती) ले समुदायमा पुऱ्याएको फाइदा तथा महत्वबारे वर्णन गर्न<br>२. जैविक खेतीको आवश्यकता र महत्व वर्णन गर्न | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ४. स्थानीय खाद्य परिकार (भक्का) को परिचय दिइ पकाउने तरिका तथा पकाउने अभ्यास गर्न<br>५. परम्परागत हस्तकला सिप (ढाका बुनाइ) प्रति परिचित हुन | २० | ४. स्थानीय बिउविजन भण्डारणका परम्परागत शैलीको पहिचान र अवलम्बन गर्न<br>५. जैविक खेती गर्दा अवलम्बन गर्ने तरिका बताउन<br>६. स्थानीय खाद्य परिकार (सेलरोटी) पकाउने सामग्रीको सूची तयार गर्न | २० | ३. स्थानीय खाद्य परिकार (सेलरोटी) पकाउने तरिका तथा पकाउने अभ्यास गर्न | २० |
| ७.विपत् व्यवस्थापन | ● विपत् व्यवस्थापनमा सहभागी हुन<br>● विपत् व्यवस्थापनका लागि गरिएका अभ्यासको जानकारी हासिल गर्न र सहभागी हुन<br>● विपत् व्यवस्थापनमा विभिन्न सङ्घसंस्थाको भूमिका वर्णन गर्न | ● विपत् जोखिम न्यूनीकरणका उपायको बारेमा छलफल गर्ने<br>● स्थानीय जोखिम तथा विपत् व्यवस्थापनका लागि विद्यार्थीको भूमिकाबारे अभिनय /अभ्यास गर्न लगाउने<br>● गाउँपालिकामा विपत् व्यवस्थापनका लागि गरिएका अभ्यासको सूची प्रस्तुत गरी छलफल गर्ने<br>● विपत् व्यवस्थापनमा रेडक्रसको भूमिका बारेमा छलफल गर्ने | ● विपत् व्यवस्थापनमा सहभागी भए नभएको अवलोकन गरी पालिक( ास्तरमा विपत् -व्यवस्थ( ापनका लागि गरिएका प्रयास भन्न लगाएर<br>● विपत् व्यवस्थापनमा रेडक्रसको भूमिका भन्न लगाएर | १४ |
| | | | | १२८ |

## ६. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया

अपेक्षित सक्षमता र सिकाइ उपलब्धि प्राप्तिका निम्ति उपयुक्त वातावरणको सिर्जना गरी शिक्षक, विद्यार्थी र विषयवस्तुबिच सक्रिय अन्तरक्रिया गर्ने विधि वा प्रक्रिया सिकाइ सहजीकरण हो । यो एक प्रकारको शिक्षण कला हो । यसमा सिकाइ र बालमनोविज्ञानका निश्चित विधि तथा प्रक्रिया र सिद्धान्त पनि अनुसरण गरिने भएकाले यो एक विज्ञान तथा सिद्धान्त पनि हो । सिकाइ सहजीकरण प्रक्रिया विद्यार्थीकेन्द्रित, सान्दर्भिक र सिकाइका निम्ति सहयोगी

हुनुपर्छ। यो योजनाबद्ध र सिकाइ उपलब्धि उन्मुख वा प्रतिफलकेन्द्रित हुनुपर्छ। सहजीकरण प्रक्रिया विद्यार्थीलाई उत्प्रेरित गर्ने, सक्रिय बनाउने र रुचि जगाउने पनि हुनुपर्छ। यस प्रक्रियामा विद्यार्थी सक्रिय भई सिकाइ क्रियाकलापमा संलग्न हुने र आवश्यकताअनुसार पृष्ठपोषण प्राप्त गरी सिकाइमा सुधार गर्न सक्ने अवसर हुनुपर्छ। स्थानीय पाठ्यक्रम स्थानीय वस्तुस्थितिको सापेक्षतामा तयार गरिने पाठ्यक्रम हो।

सिकारुको रुचि, उमेर, क्षमता र स्थानीय परिवेशको जगमा यसको सिकाइ सहजीकरण गर्नुपर्ने भएकाले एउटै विधि वा सिकाई क्रियाकलाप स्थानीय विषयमा सान्दर्भिक हुदैन। यस अर्थमा पनि परिवेश सापेक्ष शिक्षण सिकाइ क्रियाकलाप बाञ्छनीय हुन्छ । स्थानीय पाठ्यक्रमका विषयवस्तुको सिकाइका लागि पाठ्यक्रमले निर्दिष्ट गरेका विषय क्षेत्रसँग सम्बन्धित भई विभिन्न विद्यार्थी केन्द्रित क्रियाकलाप, परियोजना कार्य, सामुदायिक कार्यलाई उपयोगमा ल्याउन सकिन्छ । सूचना तथा सञ्चार प्रविधिको समुचित प्रयोग गर्दै विषयवस्तुका बारेमा सिकारुलाई स्पष्ट पार्न सकिन्छ । सिकाइ सहजीकरण विधि तथा प्रक्रिया छनोट गर्दा ध्यान दिनुपर्ने पक्षः स्थानीय पाठ्यक्रम भनेको स्थानीय विषय स्थानीय परिवेशमा तयार गरिएको आवश्यकता केन्द्रित विषयवस्तुको सँगालो भएकाले अन्य विषय जस्तो तोकिएको पाठ्यपुस्तक/कार्यपुस्तकमा उल्लेख भएबमोजिम सिकाइ सहजीकरण गर्न सम्भव हुदैन । विषयवस्तुको माग र सिकारुको अवस्थालाई मध्यनजर गर्दा स्थानीय विषय पठनपाठन गराउनु पर्ने भएकाले पनि यसको सिकाइ सहजीकरण अन्य विषय भन्दा अलि फरक हुन सक्ने सम्भावना रहन्छ। सम्बन्धित विषय क्षेत्रमा मेल खाने शिक्षण विधि तथा प्रविधि छनोट गर्दा ध्यान दिनुपर्ने केही महत्त्वपूर्ण पक्षहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

१. **सक्षमता तथा सिकाइ उपलब्धि** : पाठ्यक्रममा उल्लिखित लक्ष्य तथा उद्देश्यअनुसारका सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने शिक्षण विधि छनोट गर्नुपर्छ।

२. **विषयवस्तुको स्वरूप** : विषयवस्तुको स्वरूपअनुसार शिक्षण सिकाइका रणनीति, विधि तथा प्रक्रिया छनोट गर्नुपर्छ।

३. **बालमनोविज्ञान :** सिकारुको इच्छा, रुचि, क्षमता तथा योग्यता, प्रवृत्ति, पूर्वज्ञान आदिलाई ध्यान दिई शिक्षण विधि छनोट गर्नुपर्छ। त्यस्ता विधिले विद्यार्थीलाई उत्प्रेरित गर्न सक्नुपर्छ।

४. **स्रोत साधनहरूको उपलब्धता** : शिक्षण विधि तथा रणनीति आर्थिक, मानवीय, भौतिक आदि दृष्टिले उपयुक्त र स्थानीय स्रोत साधनको अधिकतम प्रयोग हुन सक्ने हुनुपर्छ।

५. **विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थिति** : शिक्षण विधि तथा रणनीति छनोट गर्दा विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थितिसँग मेल खाने हुनुपर्छ।

६. **समय र विद्यार्थी सङ्ख्या :** उपलब्ध समय र विद्यार्थी सङ्ख्याले पनि शिक्षण विधि तथा रणनीति छनोटमा प्रभाव पार्छ।

७. **शिक्षकको योग्यता, क्षमता र रुचि** : शिक्षकको आफ्नो योग्यता, क्षमता, पूर्वज्ञान, आत्मविश्वास,

तालिम, शिक्षणप्रतिको लगाव जस्ता पक्षले पनि शिक्षणविधि तथा रणनीतिको छनोटमा प्रभाव पार्छ । यसरी कुनै पनि विषयको शिक्षण गर्दा विषयको गहनताका साथै विषयवस्तुको प्रकृति, विद्यार्थीको पूर्वज्ञान, क्षमता, रुचि, स्वभाव, स्तर तथा उमेर एवम् उपलब्ध भौतिक सुविधा र शिक्षण सामग्रीका आधारमा शिक्षण विधिको छनोट गर्नु आवश्यक हुन्छ ।

८. **स्थानीय परिवेश, सन्दर्भ र प्रसंग** : स्थानीय विषयवस्तु स्वभावले नै स्थानीय परिवेश, स्थानीय सन्दर्भ र प्रसङ्ग सापेक्ष हुन्छ । विषयवस्तुको स्वरूप र अपेक्षित सिकाइ उपलब्धिलाई स्थानीय परिवेशसँग संयोजन गर्दै स्थानीय वातावरण अनुकूल शिक्षण विधि र प्रविधिको छनोट गरी सिकाइ सहजीकरण गर्न सकिने भएकाले स्थानीय परिवेश र सन्दर्भलाई पनि विशेष ध्यान दिन आवश्यक हुन्छ ।

सिकाइ सहजीकरण गर्दा निम्नानुसार शिक्षण विधि र क्रियाकलाप सञ्चालन गर्न सकिन्छ :

### (क) कक्षा १-३ मा सिकाइ सहजीकरण विधि र प्रक्रिया

आधारभूत तहअन्तर्गत कक्षा १-३ को पाठ्यक्रम समग्रमा बहुविषयक ढाँचामा विकास भएको छ । यसअन्तर्गत चारवटा विषयहरू पाठ्यक्रम विकास केन्द्रले विकास गरेको छ भने एउटा विषय (स्थानीय विषय वा मातृभाषा)को पाठ्यक्रम विकास गर्ने जिम्मा स्थानीय सरकारलाई छ । तसर्थ बहुविषयक ढाँचामा आधारित भई स्थानीय विषयको पाठ्यक्रम विकास गरिएकाले शिक्षण सिकाइ सहजीकरण गर्दासमेत अन्य विषयसँग मिल्दाजुल्दा विषयवस्तु तथा सिकाइ उपलब्धिलाई सँगसँगै सहजीकरण गर्ने र नमिल्दा विषयवस्तुलाई निश्चित क्रममा राखेर सरलदेखि जटिलताको आधारमा सिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ । निश्चित विषयक्षेत्रमा आधारित बहुविषयगत एकीकरणले सिकाइलाई अन्तरसम्बन्धित र बढी सान्दर्भिक बनाउन सहयोग पुऱ्याउँछ ।

एकीकृत ढाँचामा सिकाइ सहजीकरण गर्दा सिकाइको योजना निर्माणका लागि विषयगत सक्षमता र समग्र पाठ्यक्रम संरचनाको अध्ययन गरी तिनको अन्तरसम्बन्ध पहिचान गर्नुपर्छ । बहुविषयक विषय क्षेत्रमा आधारित भई हाम्रो सेरोफेरो, गणित, नेपाली, अङ्ग्रेजी र स्थानीय विषय क्षेत्रमा सिकाइ योजना निर्माण गर्दा विषयवस्तुलाई दैनिक जीवनसँग अधिकतम सम्बन्ध कायम हुने गरी निर्धारित विषय क्षेत्रको वरिपरि आ-आफ्नो विषय क्षेत्रगत अवधारणा तथा सिपहरू हासिल गराई निर्धारित सिकाइ उपलब्धि प्राप्त हुने व्यवस्था मिलाउनुपर्छ । यसको लागि छनोट गरिएका विधि, प्रक्रिया तथा क्रियाकलापले विद्यार्थीलाई सक्रिय बनाउने, सबैलाई सहभागी बनाउने, गरेर तथा छोएर वा चलाएर सिक्ने र सिर्जनात्मकताको अभिवृद्धि हुने अवसर प्रदान गर्नुपर्छ । सिकाइ क्रियाकलापले विद्यार्थीहरूमा उमेर र आवश्यकताअनुसार प्रयोग, सिकाइ, रचनात्मक तथा समालोचनात्मक सोचाइ, निर्णय तथा समस्या समाधान जस्ता सोचाइ सिप, स्वव्यवस्थापन, आत्मबल, अनुशासन, जिम्मेवारी अनुकूलताजस्ता वैयक्तिक सिप, सञ्चार, सहकार्य, सहानुभूति जस्ता अन्तरवैयक्तिक सिप, विभिन्न किसिमका बहुसाक्षरता सिप र नागरिक दायित्वसम्बन्धी विभिन्न किसिमका नागरिक सिप प्राप्तिलाई सहयोग गर्नुपर्छ । विद्यार्थीहरूको भाषिक तथा सामाजिक पृष्ठभूमि, सिकाइका लागि विभिन्न किसिमको अपाङ्गताको अवस्था इत्यादि विचार गरी विविधताको व्यवस्थापन गर्ने र सबैलाई समावेश गर्ने गरी शिक्षण सिकाइको योजना निर्माण गरी सिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ ।

विद्यार्थीको सिकाइको मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा समावेश गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने माध्यमका रूपमा विकास गर्नुपर्छ ।

न्यूनतम सिकाइ सुनिश्चित गरी प्रत्येक विद्यार्थीलाई उच्चस्तरको सिकाइ सक्षमता प्राप्त गरी क्रमशः माथिल्लोस्तरको सिकाइ गर्नसक्ने बनाउन सहयोग गर्नुपर्छ र यथाशक्य कक्षा शिक्षणको प्रबन्ध गर्नुपर्छ । एकभन्दा बढी शिक्षकले एउटै कक्षामा विभिन्न समयमा शिक्षण गर्ने गरिए पनि समूहमा छलफल गरी बहुविषयक शिक्षण योजना तयार गर्ने र सोहीबमोजिम सिकाइ सहजीकरण गर्ने प्रबन्ध मिलाउनुपर्छ । कक्षामा प्रयोग गरिने भाषाको कारण बालबालिकालाई सिकाइ क्रियाकलापमा सरिक हुन र सिक्न बाधा नहुने अवस्था सिर्जना गर्नुपर्छ । यसका लागि कक्षामा यथासक्य मातृभाषा वा बहुभाषा प्रयोग गर्ने, घरपरिवार तथा समुदायमा बोलिने भाषामा सञ्चार हुनसक्ने प्रबन्ध गर्नुपर्छ । स्थानीय विषयको सिकाइ गर्दा सामान्यतया निम्नलिखित विधि र तरिका प्रयोग गर्न सकिन्छ :

(अ) कथा कथन एवम् गीत
(आ) अभिनय तथा भूमिका निर्वाह
(इ) छलफल र प्रश्नोत्तर
(ई) खोज तथा समस्या समाधान विधि
(उ) खेल विधि
(ऊ) प्रयोगात्मक विधि
(ऋ) क्षेत्र भ्रमण
(ए) प्रदर्शन विधि

**(ख) कक्षा ४-८ मा सिकाइ सहजीकरण विधि र प्रक्रिया**

स्थानीय विषयको पाठ्यक्रममा समावेश विषयवस्तु तथा सिकाइ उपलब्धि सहज र सरल तरिकाले विद्यार्थीहरूमा हासिल गराउन उपयुक्त सिकाइ वातावरणको सिर्जना गरी शिक्षक, विद्यार्थी र विषयवस्तुबिच सक्रिय अन्तरक्रिया गर्ने विधि वा प्रक्रिया अवलम्बन गर्नुपर्छ । सिकाइ सहजीकरण प्रक्रिया विद्यार्थी केन्द्रित, सान्दर्भिक र सिकाइका निम्ति सहयोगी हुनुपर्छ । यो योजनाबद्ध र सिकाइ उपलब्धि उन्मुख वा प्रतिफल केन्द्रित हुनुपर्छ । सहजीकरण प्रक्रिया विद्यार्थीलाई उत्प्रेरित गर्ने, सक्रिय बनाउने र रूचि जगाउने पनि हुनुपर्छ । यस प्रक्रियामा विद्यार्थी सक्रिय भई सिकाइ क्रियाकलापमा संलग्न हुने र आवश्यकताअनुसार पृष्ठपोषण प्राप्त गरी सिकाइमा सुधार गर्नसक्ने अवसर हुनुपर्छ । यो प्रक्रिया सिकारू र सिकाइका विविधतालाई सम्मान गर्ने र सबैलाई समावेश गर्ने समावेशी सिद्धान्तमा आधारित पनि हुनुपर्छ । एउटै प्रकारको सिकाइ सहजीकरण विधि सधैँ र सबैतिर उपयुक्त हुन नसक्ने भएकाले एउटै विषयवस्तु सिकाइका लागि पनि विविध विधि अपनाउन सकिन्छ । त्यसैले शिक्षण विधिको छनोट गर्दा सकभर विविधता कायम गर्नुपर्छ । सिकाइ सहजीकरण विधिको चयन गर्दा मुख्य रूपमा विद्यार्थीको पूर्व ज्ञान, रुचि, क्षमता, चाहना, उनीहरूको तहगत स्तर, विषयवस्तुको स्वरूपलगायत उपलब्ध हुन सक्ने स्रोतसाधन वातावरणीय अवस्था, शिक्षकको रूचि तथा तयारी इत्यादिलाई विचार गर्नुपर्छ ।

आधारभूत शिक्षाअन्तर्गत कक्षा ४-८ को यो पाठ्यक्रमा समावेश गरिएका विषयवस्तु प्रयोगात्मक प्रकृतिका भएकाले यसको सिकाइ सहजीकरण प्रक्रिया परम्परागत पद्धतिभन्दा फरक हुनुपर्छ । सिकाइ सहजीकरण गर्दा विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिई कक्षालाई जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशील बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने छ । विद्यार्थी केन्द्रित सिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुने, विषयवस्तुलाई दैनिक जीवनका हरेक घटनक्रमलाई बालबालिकाले व्यवहारकुशल तथा जीवनोपयोगी सिप आर्जन गर्न सक्ने र उनीहरूमा रहेको प्रतिभा प्रष्फुटन सहज हुने भएकाले सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनुपर्ने छ । स्थानीय विषयको पाठ्यक्रमका विषयवस्तु स्थानीय ज्ञान, सिपको विकास गरी आवश्यकतानुसार घर, विद्यालय, समुदायमा प्रयोग गर्ने खालका भएकाले सैद्धान्तिकभन्दा गरेर सिक्ने

प्रक्रियाबाट सिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ । यस विषयको सिकाइ सहजीकरण गर्दा निम्नलिखित विधि र तरिका प्रयोग गर्न सकिन्छ :

**शिक्षण विधि**

| | | |
|---|---|---|
| (अ) प्रयोगात्मक विधि | (आ) अवलोकन विधि | (इ) छलफल विधि |
| (ई) समस्या समाधान विधि | (उ) प्रदर्शन विधि | (ऊ) क्षेत्र भ्रमण विधि |
| (ऋ) प्रश्नोत्तर विधि | (ए) घटना अध्ययन विधि | |

## ७. स्थानीय पाठ्यक्रममा शिक्षण सिकाइका लागि माध्यम भाषाको छनोट

आधारभूत तहमा सिकाइ सहजीकरणका लागि माध्यम भाषाको रूपमा मातृभाषा वा नेपाली भाषाको प्रयोग गर्नुपर्ने व्यवस्था रहेको छ । शिक्षण सिकाइका लागि माध्यम भाषाको छनोट नेपालमा बहुसांस्कृतिक र बहुभाषिक समुदायको बसोवास रहेकाले यहाँ विभिन्न जातजाति र सांस्कृतिक पृष्ठभूमि भएका मानिस बस्छन् । नेपालका प्रायजसो समुदायमा मिश्रित प्रकारको बसोबास भएकाले विद्यालयमा समेत विभिन्न भाषिक तथा सांस्कृतिक पृष्ठभूमिका विद्यार्थीहरू हुन सक्दछन् । नेपालमा धेरै प्रकारका भाषा बोलिने भएकाले धेरै जसो विद्यालयमा भाषिक दृष्टिले मिश्रित कक्षा भएकाले धेरैजसो विद्यालयमा द्विभाषिक तथा बहुभाषिक अवस्था रहेको छ । विभिन्न भाषिक पृष्ठभूमि भएका बालबालिका विद्यालयमा भर्ना हुँदा घरपरिवार वा समुदायमा उनीहरूले प्रयोग गरिरहेको भाषा प्रयोग गरी सिकाइ क्रियाकलाप सञ्चालन गरिएमा सिकाइ सहज र प्रभावकारी हुने छ । दोस्रो वा तेस्रो भाषामा शिक्षणसिकाइ सुरु गर्दा भाषा नबुझ्नाले बालबालिकाहरू विद्यालय तथा कक्षाकोठामा नरमाउने, कक्षा छाड्ने, शिक्षण सिकाइ क्रियाकलापमा सहभागी नहुने पनि हुन सक्छन् । त्यस्तै भाषाको समस्याले गर्दा शिक्षणका क्रममा दिइने ज्ञान, सिप उनीहरूले सहज रूपमा प्राप्त गर्न नसक्नुका साथै उनीहरूमा निरसता सिर्जना भई कक्षा छाड्ने, विद्यालय आउन नमान्ने जस्ता समस्या सिर्जना हुन गई अन्ततः नियमित रूपमा विद्यालयमा पठाउन नसक्ने समस्या सिर्जना हुन जान्छ । बालबालिकालाई मातृभाषाका माध्यमले शिक्षण गर्न सकिएमा शिक्षण प्रक्रिया रुचिकर र प्रभावकारी हुन गई समग्रमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्न सहयोग पुग्न जानुका साथै अन्य भाषाको सिकाइमा पनि मातृभाषा सिकाइको सकारात्मक प्रभाव पर्ने कुरा विभिन्न अनुसन्धानहरूले देखाएका छन् । यसरी प्रारम्भिक तहका विद्यार्थीले अफ्नो पहिलो भाषामा पढ्न पाएमा सिकाइ सहज हुनाका साथै पहिलो भाषामा आधारभूत दक्षता हासिल नगरेसम्म अपरिचित (दोस्रो वा तेस्रो) भाषालाई शिक्षणको माध्यम भाषाको रूपमा प्रयोग गर्न उपयुक्त मानिँदैन । बालबालिकाले घरपरिवार तथा समुदायमा प्रयोग गर्ने भाषामा शिक्षण गर्दा कक्षामा बढीभन्दा बढी अन्तरक्रिया हुन गई सिकाइ सजिलो र छिटो हुनाका साथै अन्य भाषाको सिकाइमा पनि पहिलो भाषाको सिप सङ्क्रमण सहज हुने अनुसन्धानले देखाएका तथ्यहरूलाई दृष्टिगत गरी मातृभाषा वा घरपरिवार तथा समुदायमा बोलिने भाषाबाट सिकाइ क्रियाकलाप सञ्चालन गर्न र द्वि वा बहुभाषी विद्यार्थी भएका कक्षामा सिकाइ सहजीकरणका लागि द्वि वा बहुभाषाको प्रयोग हुन सक्ने वातावरण तयार गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु उपयुक्त हुने छ । समग्रमा प्रारम्भिक तहमा पढाइ र सिकाइको विकासका लागि माध्यम भाषाको निर्धारण निम्नानुसारका प्रचलित सिद्धान्तहरूका आधारमा गर्नुपर्छ । पढाइ सिप विकास, विषयवस्तु बोध र पठन प्रवाह विकासका लागि बालबालिकाको पहिलो भाषा/मातृभाषामा सिकाइ सहजीकरणसम्बद्ध क्रियाकलाप सञ्चालन गर्दा

सिकाइ सजिलो र छिटो हुन्छ । बालबालिकालाई उनीहरूको मातृभाषामा साक्षरता सिकाउनु सबैभन्दा उपयुक्त हुन्छ। मातृभाषा बालबालिकाले राम्ररी बुझ्छन् र उपयुक्त गतिमा बोल्न सक्छन्। बालबालिकाले भाषा राम्ररी नबुझेसम्म अर्थपूर्ण सिकाइ सम्भव हुँदैन ।  भाषिक सिपका आधारभूत पक्षहरूको विकास अपरिचित भाषाबाट असजिलो र कठिन हुन्छ। बुझाइमा आधारभूत ज्ञान नभएसम्म अपरिचित भाषालाई शिक्षणको माध्यम बनाउनु उपयुक्त मानिँदैन । बालबालिकालाई अपरिचित भाषामा सिक्न बाध्य पारियो भने उसले एकातिर नयाँ भाषा सिक्नुपर्ने र सँगसँगै अपरिचित भाषाका माध्यमबाट सिक्ने प्रयास गर्नुपर्ने दोहोरो मार खेप्नुपर्ने हुन्छ । अतः बालबालिकालाई पूर्ण रूपले अपरिचित भाषा सिक्न दबाब दिइयो भने बुझाइमा कठिनाइ भई सिकाइबाट अलग हुन जाने अवस्था पनि आउँछ। यसो गर्नु भनेको बालबालिकालाई सिकाइको अवसरबाट वञ्चित गर्नुसरह हुन्छ। पहिलो भाषामा सिकेका सिप अन्य भाषामा स्थानान्तरण गर्न सजिलो हुन्छ। एउटा भाषामा सिकेका साक्षरताका सिपलाई उपयुक्त समयमा अर्को भाषामा सहजै स्थानान्तरण गर्न सकिन्छ। भयरहित तथा बालमैत्री वातावरणमा सिकाउन सकियो भने बालबालिकाले पहिलो तथा दोस्रो कक्षामै दुई वा बढी भाषा बोल्न र बुझ्न सक्छन्। आवश्यक भएमा आधारभूत तहको शिक्षाको पहिलो पाँच वर्षभित्र बिस्तारै पहिलोबाट दोस्रो भाषा क्रमागत रूपले सङ्क्रमण गराउनु प्रभावकारी हुन्छ भने आवश्यकतानुसार माथिल्ला कक्षाहरूमा तेस्रो भाषामा सङ्क्रमण गराउन सकिन्छ ।  कम्तीमा बालबालिकालाई ५ वर्षदेखि ८ वर्षको उमेरसम्म मातृभाषाको माध्यमबाट शिक्षा दिनु उपयुक्त मानिन्छ। प्राथमिक शिक्षाका पछिल्ला तहमा क्रमशः मातृभाषाबाट स्थानीय वा नेपाली भाषालाई माध्यम भाषा बनाउन सकिने हुन्छ । तेस्रो भाषा अङ्ग्रेजीलाई सामान्यतया आधारभूत तहमा माध्यम भाषाका रूपमा प्रयोग गर्नु विषयवस्तु सिकाइ र भाषा सिकाइ दुवै दृष्टिले उपयुक्त नहुने भएकाले मातृभाषा, स्थानीय वा नेपाली भाषालाई माध्यम भाषाका रूपमा प्रयोग गर्न सकिने छ । यस तहमा आवश्यकताअनुसार पहिलो भाषाबाट दोस्रो र माथिल्ला कक्षाहरूमा दोस्रो भाषाबाट तेस्रोमा सङ्क्रमण गराउन सकिने छ । यसो गर्नाले विषयवस्तु सिकाइका साथै दोस्रो र तेस्रो भाषाको सिकाइ पनि सहज हुने छ ।

## ८. विद्यार्थी मूल्याङ्कन

विद्यार्थी मूल्याङ्कन पाठ्यक्रमको एक अभिन्न अङ्ग हो । निश्चित तहमा अध्ययन गर्ने विद्यार्थीका लागि पाठ्यक्रमले तय गरेका पूरा भए वा भएनन् भनी थाहा पाउनका लागि मूल्याङ्कन गरिन्छ । मूल्याङ्कन पद्धतिबाट विद्यार्थी उपलब्धिका विविध पक्षको मौखिक, प्रयोगात्मक र लिखित परीक्षण गर्ने गरिन्छ। विद्यार्थी मूल्याङ्कनले नै विद्यार्थीको सिकाइको प्रगतिका बारेमा यथार्थ जानकारी दिन्छ। शिक्षा क्षेत्रमा विद्यार्थी मूल्याङ्कन निर्माणात्मक र निर्णयात्मक पद्धतिले गरिन्छ । विद्यार्थीले के कति सिके ? सिकाउन चाहेको कुरा सिक्न सके कि सकेनन् ? अब के सिकाउने ? सिक्न नसकेको भए अब कसरी सिकाउने भन्ने जानकारी लिन गरिने मूल्याङ्कन निर्माणात्मक मूल्याङ्कन हो भने कक्षा चढाउन र विद्यार्थीको स्थान निर्धारण गर्न गरिने मूल्याङ्कन निर्णयात्मक मूल्याङ्कन हो। मूल्याङ्कनले विद्यार्थीहरूको मात्र लेखाजोखा नगरी शैक्षिक योजना तथा कार्यक्रम, शिक्षण सिकाइ क्रियाकलाप, शैक्षिकलगायतका समग्र पक्षहरूसँग सम्बन्धित हुने भएकाले यसलाइ एक व्यवस्थित र नियमित प्रक्रियाको रूपमा लिइन्छ। यसअन्तर्गत विद्यार्थी मूल्ल्याङ्कन र पाठ्यक्रम मूल्याङ्कन महत्त्वपूर्ण छन्। वर्तमान पाठ्यक्रमअर्न्तगत कक्षा १-३ मा एकीकृत पाठ्यक्रम रहेको छ जसमा निरन्तर मूल्याङ्कनलाई समसामयिक परिमार्जन गरिसकेको छ। यसका लागि सक्षमतामा आधारित पाठ्यक्रमको अवधारणा अनुरूप विद्यार्थी मूल्याङ्कन

गर्नुपर्ने हुन्छ। निश्चित समयावधिमा नभई नियमित, निरन्तर तथा कक्षा क्रियाकलापको अङ्गको रूपमा नै मूल्याङ्कनलाई प्रयोग गरिनुपर्छ। कक्षा ४–८ मा ५० प्रतिशत आन्तरिक विद्यार्थी मूल्याङ्कन र ५० प्रतिशत आवधिक परीक्षाका आधारमा मूल्याङ्कन गर्नु पर्ने प्रावधान छ। स्थानीय पाठ्यक्रमको मूल्याङ्कन पनि यही आधारमा नै गर्नुपर्छ।

### (क) कक्षा १-३ मा विद्यार्थी मूल्याङ्कन

शिक्षण सिकाइ प्रक्रियकै एउटा अङ्गका रूपमा विद्यार्थीको नियमित रूपमा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गरी विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता गर्ने पक्षलाई यस पाठ्यक्रमले जोड दिएको छ। कक्षा १–३ मा गरिने विद्यार्थी मूल्याङ्कनलाई सिकाइ प्रक्रियकै अभिन्न अङ्गका रूपमा प्रयोग गर्नुपर्छ। यस्तो मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो। यस्तो पृष्ठपोषण दिने कार्य दुई चरणमा गर्नुपर्छ। पहिलो चरणअन्तर्गत नियमित सिकाइ सहजीकरण पश्चात् मूल्याङ्कन गर्ने र विद्यार्थीको सिकाइको अवस्थाको लेखाजोखा गर्ने तथा दोस्रो चरणमा सिकाइ उपलब्धि हासिल गरेको अवस्थाको आधारमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्ता लगाई सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुका साथै पटकपटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीहरूका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नुपर्छ। कक्षाकोठामा आधारित निर्माणात्मक मूल्याङ्कनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइस्तर प्राप्त गर्ने सुनिश्चितता गरी माथिल्लो सिकाइस्तर प्राप्त गर्न सहयोग गर्नुपर्छ। यसबाट विद्यार्थीहरूको कक्षा दोहऱ्याउने क्रमलाई न्यून गरी शैक्षिक क्षति घटाउन सहयोग पुग्नाका साथै न्यूनतम स्तरको सिकाइ सुनिश्चित भई थप सिकाइका लागि अवसर सिर्जना हुने छ।

### (अ) मूल्याङ्कन विधि र प्रक्रिया

कक्षा १-३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नुपर्छ। कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्नसक्ने किसिमले गर्नुपर्छ। विद्यार्थी मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले के कति हासिल गर्न सके भन्ने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ। यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्छ। कक्षा १-३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राखिनुपर्छ। कार्यसञ्चयिका फाइललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ। विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक थिम वा क्षेत्रको पठनपाठन पश्चात, विषय क्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ। यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्य, परियोजना कार्य तथा प्रयोगात्मक कार्यलाई नै बढी जोड दिने भए पनि आवश्यक

भए केही गृहकार्य पनि दिन सकिने छ तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन । विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कार्यको सही तरिकाले मूल्याङ्कन गर्ने साधन समावेश गर्नु उपयुक्त हुने छ ।

### (आ) मूल्याङ्कनका तरिका र साधन

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रुचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी सङ्ख्या, शिक्षकको क्षमता तथा रुचि जस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ । मूल्याङ्कनका विभिन्न तरिका तथा साधन हुन्छन् । विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरूबाट प्राप्त सूचनालाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्छ । कक्षाकार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्छ । यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ ? के कस्ता सिकाइ कमीकमजोरी रहेका छन् ? र ती कमीकमजोरी हटाई सिकाइमा सुधार के कसरी गर्ने ? भन्ने कार्यका लागि यसबाट सहयोग पुग्छ ।

सामान्यतया स्थानीय विषयको पठनपाठनको क्रममा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गर्नको लागि कक्षा सहभागिता, मौखिक कार्य, लिखित कार्य, परियोजनाकार्य तथा प्रयोगात्मक कार्य, कार्यसम्पादन तथा प्रदर्शन, सहपाठी तथा स्वमूल्याङ्कन, अभिभावक प्रतिक्रिया, कुराकानी तथा छलफल जस्ता तरिका अवलम्बन गर्न सकिन्छ । यसको लागि अवलोकन फाराम, रुजु सूची, श्रेणीमापन, रुब्रिक्स, मौखिक प्रश्न जस्ता मूल्याङ्कनका साधन प्रयोग गर्न सकिन्छ ।

### (इ) विद्यार्थीको सिकाइ उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या

| क्स. | उपलब्धि स्तर | मापन | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|---|
| १ | कमजोर (Below Basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| २ | सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| ३ | राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको |
| ४ | उच्च (Advanced) | ४ | माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

पहिलो चरणमा नियमित सिकाइ क्रियाकलापका रूपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्छ । मूल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लेखित तरिका तथा साधनमध्ये उपयुक्त साधनहरू प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइस्तर अभिलेखीकरण गर्नुपर्छ । यसरी अभिलेखित सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी उपलब्धिस्तर ४ पुऱ्याउने प्रयास गर्नुपर्छ । उपलब्धिस्तर ३ प्राप्त गरेको विद्यार्थीलाई समेत ४ पुऱ्याउन सहयोग गर्नुपर्छ । पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको

उपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनुपर्छ भने अन्यलाई अग्रिम सिकाइमा सरिक गराउनुपर्छ । सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धिस्तर निर्धारण गरेर पुनःअभिलेखीकरण गर्नुपर्छ । निश्चित सिकाइ क्षेत्रका सिकाइ उपलब्धिको सिकाइ परीक्षणपश्चात् सो सिकाइ क्षेत्रको औसत सिकाइ उपलब्धिसमेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता तथा सुधारका क्षेत्र एवम् उपाय पहिचान गर्नुपर्छ ।

यही क्रममा सबै विषय क्षेत्रको सिकाइपश्चात् सबै सिकाइ उपलब्धिको परीक्षण गरी प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तरसहित विषय क्षेत्रगत औसत सिकाइ उपलब्धि निकाल्न सकिन्छ । त्यसैगरी मुख्य व्यवहार कुशल सिपमा विद्यार्थीको उपलब्धिस्तर पनि अभिलेखित गर्न सकिन्छ । यसरी तयार गरिएको अभिलेख नै विद्यार्थीको वार्षिक उपलब्धिको प्रतिवेदन हुने छ । विद्यार्थीको सिकाइ उपलब्धिको यस्तो अभिलेख तथा प्रतिवेदनको प्रयोग शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालयले विद्यार्थीको सिकाइस्तरको सुनिश्चिता गर्ने, सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्न र भावी सिकाइका लागि योजनाका लागि गरिन्छ । विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उल्लेखित मूल्याङ्कनका तरिका तथा साधनमध्ये कतिपय उपयोगी नहुन पनि सक्दछन् भने कतिपय तरिका तथा साधनहरूको प्रयोगमा भिन्नता ल्याउनुपर्ने हुन सक्दछ । शिक्षकले आफ्नो कक्षाकोठामा भएका विद्यार्थीको अपाङ्गताको किसिम तथा स्वरूपअनुरूप प्रयोग गर्न सकिने मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनको तयारी गरी उपयुक्त तरिका तथा साधन प्रयोग गर्नुपर्छ । मूल्याङ्कनका कुनै साधन उपयुक्त नभएकै आधारमा कुनै पनि विद्यार्थीलाई सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्राप्त गर्ने अवसरबाट वञ्चित नहुने गरी शिक्षकले वैकल्पिक तरिकाहरूको खोजी तथा तयारी गर्नुपर्छ ।

### (ई) उपलब्धि प्रतिशत निकाल्ने विधि तथा प्रक्रिया

सामान्यतया प्रत्येक सिकाइ उपलब्धि मापनपछि नतिजा विद्यार्थीलाई जानकारी गराउने, किन यस्तो भयो छलफल गर्ने, विद्यार्थीलाई स्वप्रत्यावर्तनको अवसर दिने र सुधारका उपाय तय गर्नुपर्छ भने प्रत्येक विषय क्षेत्र वा थिमको सिकाइपश्चात् प्रत्येक सिकाइ उपलब्धि र औसत उपलब्धिसहित अभिभावक तथा शिक्षकले छलफल गरी सिकाइ सुधार तथा भावी सिकाइका योजना तय गर्नुपर्छ । प्रत्येक थिमको सिकाइपछि अभिभावकसँग छलफल गर्नु विद्यार्थीको सिकाइ सुधारका दृष्टिले उपयुक्त भए पनि छोटोछोटो समयको अन्तरालमा अभिभावसँग छलफल सबैका लागि सम्भव नहुन सक्ने कुरालाई विचार गरेर तीनदेखि चार महिनाको अन्तरालमा सो अवधिको सिकाइ भएका थिमको मूल्याङ्कन नतिजासहित विद्यार्थीको सिकाइ प्रगति तथा कठिनाइका विषयमा अभिभावकसँग छलफल गरी आवश्यकतानुसार सिकाइ सुधारका उपाय पहिचान गर्न सकिन्छ । नतिजा र सिकाइ सुधार तथा भावी सिकाइ योजना तय गर्दा सम्बन्धित विद्यार्थी सबल पक्ष, रुचि र कठिनाइलाई ध्यान दिनुपर्छ । यसका लागि यस प्रक्रियामा विद्यार्थीलाई पनि सहभागी गराउनुपर्छ ।

### (ख) कक्षा ४-५ मा विद्यार्थी मूल्याङ्कन

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक दुवै सिसिमका मूल्याङ्कन गरिने छ । निर्माणात्मक मूल्यमान्यताको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका

लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनु पर्छ। निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कनलगायतका साधन प्रयोग गर्न सकिन्छ ।

विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकन लगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि रुजूसूची श्रेणी मापनलगायतका व्यवहार अवलोकन फारम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यावहारिक समस्या लगायत कक्षा सहभागिता, कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गरी सो क्षेत्र वा एकाइ अन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनको प्रयोगबाट गर्नुपर्छ। यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्छ । पटकपटकको सुधारात्मक सिकाइ पश्चात पनि न्यूनतम स्तरको सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नु पर्छ । आन्तरिक मूल्याङकन ५० प्रतिशत र आवधिक मूल्याङ्कन ५० प्रतिशतको हुने छ ।

**आन्तरिक मूल्याङ्कन ढाँचा**

| क्र.स. | मूल्याङ्कनका पक्ष | भार |
|---|---|---|
| १ | सहभागिताः कक्षामा उपस्थिति र सिकाइ सहभागिता | ४ |
| २ | मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर | २० |
| ३ | प्रयोगात्मक /परियोजना कार्य | १६ |
| ४ | त्रैमासिक परीक्षा | १० |
| | जम्मा | ५० |

## आवधिक परीक्षा

निर्णयात्मक मूल्याङ्कनमा आवधिक परीक्षाको भार ५० प्रतिशत हुने छ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुने छन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य अनुरूप विद्यार्थीले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसका आधारमा सिकाइ स्तरको प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र विशिष्टीकरण तालिकालाई आधार मानी निर्माण गरिनुपर्छ ।

### (ग) कक्षा ६-८ मा विद्यार्थी मूल्याङ्कन

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भएन भएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन अवलम्बन गरिने छ । आन्तरिक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो आन्तरिक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनु पर्छ । आन्तरिक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । आन्तरिक मूल्याङ्कनमा कक्षा क्रियाकलाप तथा कक्षा, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, सामाजिक व्यवहार अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य तथा परीक्षा, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कनलगायतका साधनहरू प्रयोग गर्न सकिन्छ ।

निर्णयात्मक मूल्याङ्कनअन्तर्गत आन्तरिक मूल्याङ्कन (५० प्रतिशत भार) र अन्तिम परीक्षा (५० प्रतिशत भार) समावेश हुने छन् । निर्णयात्मक मूल्याङ्कनको कुल भारको ५० प्रतिशत आन्तरिक मूल्याङ्कनका रूपमा आन्तरिक मूल्याङ्कनबाट समावेश गरिने छ भने अन्तिम परीक्षाबाट बाँकी ५० प्रतिशत अङ्क समावेश गरिने छ ।

### (क) आन्तरिक मूल्याङ्कन

आन्तरिक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ। यसका लागि आन्तरिक मूल्याङ्कनलाई अभिलेखीकरण गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ :

**आन्तरिक मूल्याङ्कन ढाँचा**

| क्र.स. | मूल्याङ्कनका पक्ष | भार |
|---|---|---|
| १ | सहभागिताः कक्षामा उपस्थिति र सिकाइ सहभागिता | ४ |
| २ | मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर | २० |
| ३ | प्रयोगात्मक /परियोजना कार्य | १६ |
| ४ | त्रैमासिक परीक्षा | १० |
| | जम्मा | ५० |

### (ख) आवधिक मूल्याङ्कन

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुने छ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुने छन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा सिकाइ स्तरको प्रमाणीकरण गरिन्छ। अन्तिम परीक्षाको प्रश्नपत्र विशिष्टीकरण तालिकालाई आधार मानी निर्माण गरिनुपर्छ ।

# विशिष्टीकरण तालिका-२०७९

## विषयः स्थानीय पाठ्यक्रम

कक्षा ४ र ५

पूर्णाङ्क ५०

प्रश्न योजना तथा अंकभार वितरण

| कस | क्षेत्र | पाठ्यभार | ज्ञान (२०%) | | | बोध (३०%) | | | प्रयोग (३०%) | | | उच्च दक्षता (२०%) | | | जम्मा प्रश्न संख्या | | | जम्मा अंक भार | | | जम्मा अंक |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अ.छो. | छो | ला | अ.छो. | छो | ला | अ.छो. | छो | ला | अ.छो. | छो | ला | अ.छो. | छो | ला | अ.छो. | छो | ला | |
| १ | हाम्रो गाउँपालिका | २२ | १ | | | | १ | | | १ | | | | | १ | २ | | १ | ४ | | ५ |
| २ | स्थानीय सामाजिक मूल्य मान्यता | २० | १ | १ | | १ | १ | | | | | | | १ | २ | २ | १ | २ | ४ | ४ | १० |
| ३ | हाम्रो आचरण र सकारात्मक व्यवहार | १६ | १ | | | | | | | | १ | | | | १ | | १ | १ | | ४ | ५ |
| ४ | स्थानीय पेसा, व्यवसाय तथा उत्पादन | २० | १ | | | | १ | १ | | १ | | १ | | | २ | २ | १ | २ | ४ | ४ | १० |
| ५ | स्थानीय ऐतिहासिक तथा धार्मिक स्थल, उद्योग र पर्यटकीय सम्पदा | २० | १ | | | | १ | | १ | १ | | | | १ | २ | २ | १ | २ | ४ | ४ | १० |
| ६ | सञ्चार र प्रविधि | १६ | १ | | | | १ | | | | १ | | १ | | १ | | १ | १ | | ४ | ५ |
| ७ | .विपत् व्यवस्थापन | १४ | १ | | | | | | | | | | | | १ | २ | | १ | ४ | | ५ |
| | | १२८ | ७ | १ | | १ | ५ | १ | १ | ३ | २ | १ | १ | २ | १० | १० | ५ | १० | २० | २० | ५० |

**नोट** : • अ.छो. = अति छोटो, छो. = छोटो तथा ला. = लामो प्रश्नलाई जनाउँदछ ।

- प्रश्न निर्माण गर्दा निम्न तहका प्रश्न (ज्ञान, बोध र प्रयोग) तथा उच्च तहका प्रश्न (विश्लेषण, मूल्याङ्कन र सिर्जना) सबै तहका प्रश्नहररू र सबै एकाइको पाठयघण्टालाई ध्यानमा राखेर प्रश्न बनाउनु पर्नेछ ।
- अति छोटो प्रश्न १ अङ्क, छोटो प्रश्न २ अङ्क र लामो प्रश्न ४ अङ्कका दरले सोध्नुपर्ने छ ।

# विशिष्टीकरण तालिका-२०७९

## विषयः स्थानीय पाठ्यक्रम

कक्षा ६ र ८

पूर्णाङ्क ५०

प्रश्न योजना तथा अंकभार वितरण

| कस | क्षेत्र | पाठ्यभार | ज्ञान (२०%) | | | बोध (३०%) | | | प्रयोग (३०%) | | | उच्च दक्षता (२०%) | | | जम्मा प्रश्न संख्या | | | जम्मा अंक भार | | | जम्मा अंक |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अ.छो. | छो | ला | अ.छो. | छो | ला | अ.छो. | छो | ला | अ.छो. | छो | ला | अ.छो. | छो | ला | अ.छो. | छो | ला | |
| १ | हाम्रो गाउँपालिका | २२ | १ | | | | १ | | | १ | | | | | १ | २ | | १ | ४ | | ५ |
| २ | स्थानीय सामाजिक मूल्य मान्यता | २० | १ | १ | | १ | १ | | | | | | | १ | २ | २ | १ | २ | ४ | ४ | १० |
| ३ | हाम्रो आचरण र सकारात्मक व्यवहार | १६ | १ | | | | | | | | १ | | | | १ | | १ | १ | | ४ | ५ |
| ४ | स्थानीय पेसा, व्यवसाय तथा उत्पादन | २० | १ | | | | १ | १ | | १ | | १ | | | २ | २ | १ | २ | ४ | ४ | १० |
| ५ | स्थानीय ऐतिहासिक तथा धार्मिक स्थल, उद्योग र पर्यटकीय सम्पदा | २० | १ | | | | १ | | १ | १ | | | | १ | २ | २ | १ | २ | ४ | ४ | १० |
| ६ | सञ्चार र प्रविधि | १६ | १ | | | | १ | | | | १ | | १ | | १ | | १ | १ | | ४ | ५ |
| ७ | .विपत् व्यवस्थापन | १४ | १ | | | | | | | | | | | | १ | २ | | १ | ४ | | ५ |
| | | १२८ | ७ | १ | | १ | ५ | १ | १ | ३ | २ | १ | १ | २ | १० | १० | ५ | १० | २० | २० | ५० |

**नोट** : • अ.छो.= अति छोटो, छो. = छोटो तथा ला. = लामो प्रश्नलाई जनाउँदछ ।

• प्रश्न निर्माण गर्दा निम्न तहका प्रश्न (ज्ञान, बोध र प्रयोग) तथा उच्च तहका प्रश्न (विश्लेषण, मूल्याङ्कन र सिर्जना) सबै तहका प्रश्नहररू र सबै एकाइको पाठयघण्टालाई ध्यानमा राखेर प्रश्न बनाउनु पर्नेछ ।

• अति छोटो प्रश्न १ अङ्क, छोटो प्रश्न २ अङ्क र लामो प्रश्न ४ अङ्कका दरले सोध्नुपर्ने छ ।



सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची महाकाली ।

प्रकृतिका कोटी कोटी सम्पदाको आंचल
वीरहरूका रगतले, स्वतन्त्र र अटल ।

ज्ञानभूमी, शान्तिभूमी तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।

## हल्दिबारी गाउँपालिकाको कार्यालयद्वारा जनहितमा जारी सन्देश

१. व्यक्तिगत घटना, जन्म, मृत्यु, बसाई सराई, विवाह, सम्बन्ध विच्छेद तोकिएको समय ३५ दिन भित्रमा दर्ता गरौं ।
२. गाउँपालिका तथा वडा कार्यालयलाई बुझाउनु पर्ने कर, दस्तुर, मालपोतलगायत अन्य राजश्वहरु समयमै बुझाइ जरिवानाबाट बचौं ।
३. घरहरु निर्माण गर्दा बस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड २०७२ बमोजिम निर्माण गरौं ।
४. सार्वजानिक बाटोमा निर्माण सामग्री राख्ने, पराल सुकाउने, थेसर लगाउने, गाईवस्तु बाँध्ने लगायतका कार्यहरू नगरी त्यसको संरक्षक गरौं ।
५. यस गाउँपालिकालाई पूर्ण दिसामुक्त क्षेत्र घोषणा गर्ने अभियान सफल बनाउन तोकिएको मापदण्ड बमोजिम शौचालय निर्माण गरौँ ।
६. घर निर्माण गर्दा गाउँपालिकाबाट नक्सा पास स्वीकृति लिएर मात्र घर निर्माण गरौँ ।
७. अत्यधिक ध्वनि प्रदूषणका कारण सर्वसाधारणको जन-जीवनमा असर पर्ने हुनाले यस कुरालाई मध्यनजर गर्दै यस गाउँपालिकाभित्र डिजे बाजा लगायतका अत्यधिक ध्वनि प्रदूषण हुने बाजाहरुको प्रयोग नगरिदिनुहुन अनुरोध गरिन्छ ।
८. यो गाउँपालिका तपाई हाम्रो साझा हो । त्यसैले यसलाई सभ्य, सफा र सुन्दर बनाउने तपाई हाम्रो साझा जिम्मेवारी हो ।
९. सडेगलेका बासी, म्याद गुज्रिएका, स्वास्थ्यलाई प्रतिकूल असर पार्ने खानेकुरा उपभोग एवं किनबेच नगरौं । अखाद्य रंगको प्रयोग नगरौं । आफूले घरायसी तथा व्यापारिक प्रयोजनका लागि उत्पादन गरिने खाद्यवस्तु साग-सब्जी तथा फलफूलहरुमा विषादीको प्रयोग सकेसम्म नगरौं ।
१०. गाउँपालिकाभित्रका सार्वजनिक स्थलहरुमा फोहोर फाल्ने, घर-टहरा निर्माण गर्ने र व्यापार व्यवसाय नगरौं ।
११. यस गाउँपालिकाभित्र रहेका विभिन्न पर्यटकीय स्थलहरु, धार्मिक स्थलहरुको संरक्षण गरौं ।







हल्दिबारी गाउँपालिका

झापा, १ नं. प्रदेश, नेपाल